प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १९० | काठमाडौं | शनिबार, २१ कात्तिक २०८३ | Prabhab National Daily | Saturday, 07 November 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५।-

उज्यालोको पर्व तिहारले छायो देशैभर उमंग



बुटवल उपमहानगरपालिका–१५ स्थित चम्कीपुर भाटास्थित फूलबारीमा तिहारका लागि बिक्री गर्न सयपत्री फूल टिप्दै एक महिला । *तस्बिरः रासस*

■ प्रभाव संवाददाता

काठमाडौं– हिन्दूहरूको दोस्रो ठूलो महान चाड यमपञ्चक अर्थात् तिहार पर्व शुक्रबारदेखि औपचारिकरूपमा सुरु भएको छ । उज्यालोको पर्व, यमराजको उपासना गर्ने र दाजुभाइ तथा दिदीबहिनीबीचको पवित्र स्नेह झल्काउने यो पर्वले देशभरि नै उल्लास र उमंग ल्याएको छ ।

यमपञ्चक कात्तिक शुक्रबारदेखि नै सुरु भएको छ । शुक्रबार धनत्रयोदशी (धनतेरस) पर्व मनाइएको छ । आज काग तिहार मनाइँदै छ । शास्त्रीय मान्यताअनुसार आजका दिन कागलाई यमराजको सन्देशवाहकका रूपमा पूजा गरिन्छ र मीठा खानेकुरा खान दिने प्रचलन छ । कागको पूजा गरेर सुरु हुने यस पर्वले पाँच दिनसम्म विभिन्न रूपमा निरन्तरता पाउने छ । धन्वन्तरी जयन्ती पनि आजकै दिन परेको छ ।

भोलि कात्तिक २२ गते आइतबार नरक स्नानसहित कुकुर तिहार र बेलुकी लक्ष्मीपूजा परेको छ । दिउँसो कार्तिक कृष्ण चतुर्दशी र त्यसपछि औँसी तिथि लाग्ने भएकाले शास्त्रसम्ममत् रूपमा पर्वसम्बन्धी निर्णय गरिएको नेपाल पञ्चांग निर्णायक विकास समितिले जनाएको छ । सायंकालमा औँसी तिथि परेका दिन लक्ष्मीपूजा गर्नुपर्ने शास्त्रीय वचन छ । औँसी तिथिमा गरिने स्नान, दान भने कात्तिक २३ गते सोमबार बिहान गर्नुपर्ने छ । लक्ष्मीपूजा पनि यसै दिन गरिन्छ ।

गाई, गोरु पूजाका साथै नेवार समुदायको आत्म (म्हः) पूजा कात्तिक २४ गते मंगलबार परेको छ । कार्तिक शुक्ल प्रतिपदाको सायंकालमा आत्म (म्हः) पूजा गर्नुपर्ने 'कृत्यवाटिका' नामक ग्रन्थमा उल्लेख गरिएको छ । कार्तिक शुक्ल प्रतिपदा प्रारम्भ हुने भएकाले आत्म (म्ह) पूजा यसै दिन गर्नुपर्ने हुन्छ ।

आत्म (म्ह) पूजा विशेषगरी नेवार समुदायले गर्ने परम्परा छ । समितिले स्वीकृति दिने तीन वटा पात्रो (पञ्चांग) नेवार समुदायका पञ्चांगकारले प्रकाशन गर्ने गरेका छन् । सिद्धिलक्ष्मी व्यञ्जनकार, कीर्तिकिरण जोशी र शशिधर जोशी नेवार समुदायकै पञ्चांगकारले पनि कात्तिक २४ गते नै आत्म (म्ह) पूजा गर्ने विषय आफ्ना पञ्चांग (पात्रो) मा उल्लेख गरेका छन् । नेपाल संवत्को नयाँ वर्ष ११४७ पनि यसै दिन सुरु हुन्छ । प्रतिपदाका दिन सूर्योदय भएकै दिन नयाँ वर्ष मनाउनुपर्ने शास्त्रीय वचन रहेको छ ।

भाइपूजा अर्थात् भाइटीका र नेवारी भाषामा भनिने किजापूजा कात्तिक २५ गते बुधबार परेको छ । शास्त्रीय वचनअनुसार मध्याह्नकालमा नै भाइटीका लगाइन्छ । यसैले कात्तिक २५ गते नै भाइटीका मनाउन शास्त्र सम्मत हुने समितिको ठहर छ ।

⏭ क्रमशः पृष्ठ २ मा

भाइटीकाको उत्तम साइत ११:०७ बजे

नेपाल पञ्चांग निर्णायक विकास समितिले यस वर्षको भाइटीकाको उत्तम साइत कात्तिक २५ गते बुधबार बिहान ११:०७ बजे रहेको जनाएको छ । मध्याह्नकालमा टीका लगाउन बाधा नपरे पनि साइत खोज्नेका लागि अभिजित् मुहूर्तको शुभ साइत दिइएको समितिले जनाएको छ । राज्य सञ्चालकले भने साइतमै टीका लगाउनुपर्ने मान्यता छ । सर्वसाधारणका लागि मध्याह्नकालमा टीका लगाउन कुनै समस्या नरहेको समितिले जनाएको छ ।

शुभकामना

शुभ दीपावली, नेपाल सम्वत् र छठ पर्वका अवसरमा हाम्रा समस्त पाठक, लेखक, स्तम्भकार, विज्ञापनदाता, शुभेच्छुक एवं देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरूमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

प्रभाव दैनिक
तथा प्रभाव पब्लिकेसन
परिवार

प्रकाशन स्थगन हुनेबारे जानकारी

शुभ दीपावली, नेपाल सम्वत् र छठपर्वको बिदाका कारण हाम्रो प्रकाशन भोलि २०८३ कात्तिक २२ देखि २९ गतेसम्म स्थगन हुने छ । कात्तिक ३० गतेदेखि हामी नियमित प्रकाशनमा आउने जानकारी गराउँदछौं ।

प्रभाव पब्लिकेसन प्रा. लि.

कांग्रेस नेतृत्वको मधेस सरकार थप संकटमा

चार वर्षमा फेरिए पाँच मुख्यमन्त्री र ७५ मन्त्री

- शुक्रबार नेकपाका चार जना मन्त्रीले सामूहिक राजीनामा दिएसँगै कांग्रेस नेता कृष्णप्रसाद यादव नेतृत्वको सरकार थप संकटमा
- नेकपा एमालेले असोज ३० गते नै आफ्ना मन्त्री फिर्ता गरेको थियो
- यो बीचमा कांग्रेस सभापति गगन थापाले मधेसको सरकार जोगाउन मंगलबार भक्तपुरको गुण्डु पुगेर एमाले अध्यक्ष केपी शर्मा ओलीसँग छलफल गरेका थिए



■ प्रभाव संवाददाता

काठमाडौं– नेपाली कांग्रेसको नेतृत्वमा रहेको मधेस प्रदेश सरकार थप संकटमा परेको छ । प्रदेश सरकार जोगाउन कांग्रेस सभापति गगन थापाले कसरत जारी राखेको बेला शुक्रबार नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले मधेस सरकारबाट राजीनामा दिएसँगै मधेस सरकार संकटमा परेको हो ।

शुक्रबार नेकपाका चार जना मन्त्रीले सामूहिक राजीनामा दिएका हुन् । यससँगै कांग्रेस नेता कृष्णप्रसाद यादव नेतृत्वको सरकार थप संकटमा परेको छ । मधेस प्रदेशका अर्थमन्त्री युवराज भट्टराई, उद्योग तथा पर्यटनमन्त्री कनिष पटेल, ऊर्जा सिँचाइ तथा खानेपानीमन्त्री जवाहरलाल कुशवाहा र गृहसञ्चार तथा कानुनमन्त्री फकिरा महतोले राजीनामा बुझाए ।

नेकपाका संयोजक पुष्पकमल दाहालको निर्देशनपछि मन्त्रीहरूले सरकार छाडेको बताइएको छ । मुख्यमन्त्री यादवलाई अबको एक सातापछि विश्वासको मत लिनैपर्ने बाध्यता रहेको छ । यसअघि सरकारमा सहभागी नेकपा एमालेले असोज ३० गते नै आफ्ना मन्त्री फिर्ता बोलाइसकेको थियो । एमाले बाहिरिएपछि नेकपाको साथमा टिकेको सरकारलाई अब नेकपाले पनि छाडेको छ ।

अघिल्लो मंसिरमा सात दलको समर्थनमा कांग्रेस संसदीय दलका नेता यादव मुख्यमन्त्री बनेका थिए । यादवलाई जसपा नेपाल, जनमत, नेकपा माओवादी केन्द्र, लोसपा र एकीकृत समाजवादीका ७७ जना सांसदको समर्थन रहेको थियो ।

संविधानको धारा १६८ को ३ बमोजिम ठूलो दलको हैसियतमा मुख्यमन्त्री बनेका नेकपा एमाले संसदीय दलका नेता सरोजकुमार यादवले राजीनामा दिएपछि उपधारा २ बमोजिम नयाँ सरकार गठनका लागि प्रदेश प्रमुखको कार्यालयले आह्वान गरेको थियो । गत जेठ १२ गते भने तीन दलबीच सहमति भएपछि नेकपा एमाले सरकारमा सहभागी भएको थियो ।

⏭ क्रमशः पृष्ठ २ मा

सरकार र रास्वपाका नेताको शैलीप्रति रूष्ट सुनिए रवि

- हाम्रा मान्छे वडाध्यक्ष हेर्दैनन् है ! एकैचोटि पालिका हेर्ने हो, माथि हेर्ने हो, तल हेर्दैनन् हाम्रा साथीहरु । अब यो वडामा चुनाव लड्न त अघि म राजीनामा दिएर आफैं वडाध्यक्ष उठ्न आउनुपर्ला जस्तो छ । तपाईंहरु त अब धेरै ठूलो हुन थाल्नुभयो । मैले त एप्लिकेसन वडाध्यक्षमा हालेको देखिनँ ।
- जनताले १८२ सिट दिएको छ, हाम्रो भुइँमा खुट्टा छैन, मात्तिएका छौं, टुप्पिएका छौं । यसरी हुँदैन, माथिदेखि तलसम्म हामी यति मातिएका छौं, हामी यति चढेका छौं, हामीले मान्छेलाई मान्छे गनेका छैनौं ।
- हामीले भुइँ टेक्नुपर्छ, भुइँ छोड्नु हुँदैन, कुनै हालतमा तपाईंले भुइँ छोड्नु हुँदैन । हामीले एउटा चुनाव जितेका हौं । कुनै ग्रहबाट खसेका मान्छे होइनौं । हामी यहींका मान्छे हौं, यही जमिनका मान्छे हौं । यसलाई हामीले भुल्नु हुँदैन ।



■ प्रभाव संवाददाता

काठमाडौं– राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने सरकार र आफ्नो दलका नेताहरूको कार्यशैलीप्रति रुष्ट सुनिएका छन् । शुक्रबार चितवन पुगेका सभापति लामिछानेले दलका नेता र सरकारको कार्यशैलीप्रति असन्तुष्टि पोखेका हुन् ।

स्थानीय तहको निर्वाचन नजिकिँदै गर्दा रास्वपाले देशभर 'क्याण्डिडेट क्लब'मा आवेदन मागेको थियो । तर धेरैले पालिका अध्यक्षमामात्र निवेदन दिएको उल्लेख गर्दै त्यसै परे आफैं वडाध्यक्षमा भिड्न आउनुपर्ला कि भनेर व्यंग्य कसे । 'हाम्रा मान्छे वडाध्यक्ष हेर्दैनन् है ! एकैचोटि पालिका हेर्ने हो, माथि हेर्ने हो, तल हेर्दैनन् हाम्रा साथीहरू । अब यो वडामा चुनाव लड्न त अघि म राजीनामा दिएर आफैं वडाध्यक्ष उठ्न आउनुपर्ला जस्तो छ,' लामिछानेले भने, 'तपाईंहरू त अब धेरै ठूलो हुन थाल्नुभयो । मैले त एप्लिकेसन वडाध्यक्षमा हालेको देखिनँ ।'

लामिछानेले अहिले नेताकार्यकर्ता अवसरको राजनीतितिर गइरहेको बताए । 'यसले के देखाउँछ भने हामी अवसरको राजनीतितिर गइरहेका छौं । देखाउन त हामी देखाउँदैनौ तर छर्लंगै देखिन्छ,' उनले भने ।

जनताले नयाँ दललाई राज्य सञ्चालनका लागि १८२ सिट दिँदा नेताहरू मात्तिएकोसमेत लामिछानेको भनाइ थियो । अहिलेको अवस्थामा रास्वपा नेता कार्यकर्ताले जनतालाई गन्नै छाडेको उनले बताए । 'हामी खरो उत्रिएका छौं ? जनताले १८२ सिट दिएको छ, हाम्रो भुइँमा खुट्टा छैन, मात्तिएका छौं, टुप्पिएका छौं । यसरी हुँदैन, माथिदेखि तलसम्म हामी यति मातिएका छौं, हामी यति चढेका छौं, हामीले मान्छेलाई मान्छे गनेका छैनौं,' उनले भने ।

देशमा जतातै भयको अवस्था देखिएको भन्दै उनले अदालतदेखि कर्मचारी प्रशासन र प्रहरीदेखि प्रेसलाई कमजोर बनाउनतिर नलाग्न सरकारलाई आग्रह गरे । 'कर्मचारीतन्त्रको साथविना जनतालाई गरेको वाचा पूरा गर्न सकिँदैन । अदालत पनि कमजोर हुने, प्रहरी पनि कमजोर हुने, निजी क्षेत्र कमजोर हुने, वैदेशिक सम्बन्ध पनि कमजोर हुने, पेसागत संगठन पनि कमजोर हुने र प्रेस पनि कमजोर ।

⏭ क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

उज्यालोको पर्व...

शास्त्रीय ग्रन्थमा भ्रातृपूजा भन्ने शब्द उल्लेख गरिएको र त्यस शब्दले दाजुभाइ दुवैलाई बुझाउने पञ्चांग निर्णायक समितिका अध्यक्ष प्रा.डा. पुरुषोत्तम भट्टराईको भनाइ छ । भाइटीका भनिए पनि ज्येष्ठको क्रमानुसार नै टीकाटाला गर्नु शास्त्रसम्मत हुने समितिले जनाएको छ । भाइटीका भव्य रूपमा मनाइन्छ, जसमा दिदीबहिनीले दाजुभाइलाई दीर्घायु, सुस्वास्थ्य र प्रगतिको कामना गर्दै सप्तरंगी टीका लगाइदिन्छन् र उपहार साटासाट गर्छन् ।प्रत्येक वर्ष कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीयासम्म यमपञ्चक भनिने तिहार पर्व मनाइन्छ । यस पर्वमा कार्तिक कृष्ण त्रयोदशीको साँझदेखि कार्तिक शुक्ल द्वितीयाको साँझसम्म यमदीपदान गरिन्छ । यमदीपदान परिवारको संख्याका आधारमा नाम उच्चारण गरेर गरिन्छ । यस अवसरमा यमदीप दान गरे यमयातनाबाट मुक्ति पाइने शास्त्रीय मान्यता छ ।

तिहारको आगमनसँगै बजारहरूमा किनमेल गर्नेहरूको भिडभाड बढेको छ । फूल, झिलीमिली बत्ती, भाइमसला र विभिन्न उपहार सामग्री पसलहरूमा खरिदबिक्री तीव्र बनेको छ । काग तिहारदेखि भाइटीकासम्मको यो अवधिमा गाउँदेखि सहरसम्म देउसी-भलो खेल्दै सांस्कृतिक र सामाजिक सद्भाव साटासाट गर्ने गरिन्छ ।

यो पर्वले पारिवारिक सम्बन्धलाई अझ प्रगाढ बनाउनुका साथै नेपाली समाजमा आपसी मेलमिलाप, सहकार्य र भाइचाराको सन्देश फैलाउने विश्वास गरिएको छ । तिहारको उज्यालोले सबैको जीवनमा सुख, शान्ति र समृद्धि ल्याओस् भन्ने कामनासहित देशभर हर्षोल्लास छाएको छ ।

■■■

सरकार र रास्वपाका...

भएभरका संस्था कमजोर भए भने देश नै कमजोर हुन्छ, लोकतन्त्र कमजोर हुन्छ,' लामिछानेले भने, 'कमजोर लोकतन्त्रले ठूलो कुराबाहेक काम गर्न सक्दैन । हाम्रा काम र निर्णयले लोकतन्त्रका पिलर कमजोर बनाउनु हुँदैन भन्ने महसुस गर्नुपर्छ ।' उनले काम गर्न नसकेको दोष अरूलाई देखाएर पन्छिने छुट रास्वपा सरकारलाई नरहेको बताए । 'हामीले अब कसलाई दोष लगाउने ? हामीमा शक्तिको उन्माद हुनुभएन । राजनीतिक संस्कार चाहियो । विनम्रता चाहियो,' लामिछानेले भने ।

उनले प्रधानमन्त्रीसँग आफ्नो कुनै अन्तरसंघर्ष र विवाद नरहेको तर सरकारका कारण देशको अवस्था नबिग्रियोस् भन्नेमा भने आफू चिन्तित रहेको बताए । लामिछानेले निजी क्षेत्र, कर्मचारी र अदालत सबैको साथ लिएर काम गर्न सरकारलाई आग्रह गरे ।

निजी क्षेत्रको सार्थविना रोजगारी सिर्जना सम्भव नहुने उनको भनाइ थियो । 'रोजगारीको अवसर सिर्जना गर्न कत्रो लडाइँ लड्नुछ हामीलाई । झिनामसिना कुरामा अल्झिएर जनमत खेर फाल्नु हुँदैन । यो हामीले बुझ्नुपर्छ । युवाहरूलाई रोजगारी दिन्छौं भनेर हिजो हामीले वाचा गरेका छौं । चुनावमा बोलेका कुरा देखाएर अहिले उपहास गर्न थालेका छन् । त्यसलाई रोक्नुपर्छ,' उनले भने, 'उद्योग कलकारखाना खोल्ने वातावरण सिर्जना गर्नुपर्ने छ । लगानीमैत्री वातावरण बनोस् भनेर हामीबाट अपेक्षा गरिएको छ । व्यापारीहरूमा त्रास होइन आश, भरोसा र अभिभावकत्वको अवस्था सिर्जना गर्नुपर्ने छ हामीले ।'

लामिछानेले विगतमा रास्वपामा लाग्नेहरूमाथि तत्कालीन सत्ताबाट प्रताडित भएको उल्लेख गर्दै त्यसको बदला लिनका लागि आजको दिनमा प्रशासन र प्रहरी दुरूपयोग गर्न नहुने बताए । 'हामीले भुइँ टेक्नुपर्छ, भुइँ छोड्नु हुँदैन, कुनै हालतमा तपाईंले भुइँ छोड्नु हुँदैन । हामीले एउटा चुनाव जितेका हौं । कुनै ग्रहबाट खसेका मान्छे होइनौं । हामी यहाँका मान्छे हौं, यही जमिनका मान्छे हौं । यसलाई हामीले भुल्नु हुँदैन,' लामिछानेले भने ।

■■■

कांग्रेस नेतृत्वको...

सरकारमा सहभागी भएको साढे पाँच महिनामै सहमति कार्यान्वयन नभएको भन्दै एमालेले समर्थन फिर्ता लिएको हो । सरकार गठनको समयमा १५ बुँदे सहमति भएको तर काम गर्न नसकेको आरोप एमालेले लगाएको थियो । एमालेले २०८३/८४ को बजेटमा कांग्रेसले मनोमानी गरेको दाबी गरेको थियो । तिहारपछि हुने राजनीतिक छलफलले वर्तमान सरकारको निरन्तरता र सम्भावित नयाँ सत्ता समीकरणको दिशा तय हुने नेताहरू बताउँछन् ।

१०७ सिट रहेको मधेस प्रदेशसभामा सरकार बनाउन बहुमतका लागि ५४ सिट आवश्यक पर्छ । अहिले मधेस प्रदेशसभामा कांग्रेसका २२, नेकपाका १५, एमालेका २३, जसपाका २७, जनमतका १२ तथा जनता समाजवादी पार्टी र राप्रपाका एक-एक सांसद रहेका छन् ।

जसपासँग मिलेर नयाँ सरकार बनाउँदै एमाले

मधेसमा नेकपा एमालेले जनता समाजवादी पार्टी (जसपा)को साथ लिएर नयाँ सरकार बनाउने कसरत थालेको छ । अन्य प्रदेशमाझैं नेकपाले यो समीकरणमा साथ दिने बताइएको छ । एमाले संसदीय दलका नेता सरोजकुमार यादवले केन्द्रमै तीन दलका शीर्ष नेताहरूको सहमतिमा नयाँ समीकरण बनेको सार्वजनिक गरे । जसपामा भने नयाँ समीकरणलाई लिएर आन्तरिक विवाद रहेको छ ।

यता नेपाली कांग्रेसले आफ्नो सरकार जोगाउन जसपा र जनमतलाई फकाउने तयारी गरेको छ । कांग्रेस सभापति थापाले मधेसको सरकार जोगाउन भन्दै मंगलबारमात्र एमाले अध्यक्ष केपी शर्मा ओली भेटेका थिए । उक्त भेटको प्रमुख मुद्दा मधेस सरकार जोगाउनु रहेको कांग्रेसले जनाएको थियो ।

अस्थिर सरकारको चार वर्ष: पाँच मुख्यमन्त्री, ७५ मन्त्री

२०७९ सालको प्रदेशसभा निर्वाचनपछि मधेसमा राजनीतिक अस्थिरता जारी रहचो । दोस्रो कार्यकालको सुरुवातमा जसपा नेपालका संसदीय दलका नेता सरोजकुमार यादव मुख्यमन्त्री बने । २०७९ पुस २७ गते मुख्यमन्त्री बनेका यादव नेतृत्वको सरकार ढलेपछि २०८१ जेठ २५ गते जनमत पार्टीका सतीशकुमार सिंह मुख्यमन्त्री बने ।

नेकपा एमाले, तात्कालीन नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, नागरिक उन्मुक्ति पार्टीलगायत दलको समर्थनमा गठन भएको सरकार पनि लामो समय टिक्न सकेन । २०८२ असोज २९ गते तात्कालीन लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का नेता जितेन्द्रप्रसाद सोनल मुख्यमन्त्रीमा नियुक्त भए । उनको नेतृत्वमा तीन सदस्यीय मन्त्रिपरिषद् गठन भएको थियो । विश्वासको मत प्राप्त गर्न नसक्ने अवस्था देखिएपछि सोनालले २०८२ कात्तिक २२ गते राजीनामा दिए ।

सोनलको राजीनामापछि प्रदेश प्रमुखले संविधानको धारा १६८ को उपधारा (३) बमोजिम नेकपा एमाले संसदीय दलका नेता सरोजकुमार यादवलाई महोत्तरीको एक रिसोर्टमा २०८२ कात्तिक २३ गते मुख्यमन्त्रीमा नियुक्त गरेका थिए । उनले पनि विश्वासको मत प्राप्त गर्न नसक्ने निश्चित भएपछि २०८२ मंसिर १७ गते उनको सरकार ढल्यो ।

२०८२ मंसिर १९ गते नेपाली कांग्रेस, जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी, माओवादी केन्द्र, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल र तत्कालीन नेकपा एकीकृत समाजवादीका ७७ जना प्रदेशसभा सदस्यको समर्थनमा नेपाली कांग्रेसका मधेस प्रदेशका सभापतिसमेत रहेका प्रदेशसभा सदस्य कृष्ण यादव मुख्यमन्त्रीमा नियुक्त भएका थिए । यो अवधिमा मधेस प्रदेशमा ७५ जना मन्त्री बने ।

जसपा नेतृत्वको सरकारमा २५ जना मन्त्री तथा राज्यमन्त्री बन्दा जनमत पार्टीका सिंह नेतृत्वको सरकारले २० जनालाई मन्त्री बन्ने अवसर दिएको थियो । सिंहको कार्यकालमा मन्त्रिपरिषद् विस्तार, पुनर्गठन र हेरफेरका क्रममा २७ जना मन्त्री तथा राज्यमन्त्री बने । लोसपाका नेता सोनल र एमालेका यादवको सरकारमा भने तीन/तीन जनामात्र मन्त्री बनाउन पाए । कांग्रेस नेता यादव नेतृत्वको सरकारले भने १७ जनालाई मन्त्री बन्ने अवसर दिएको छ ।

बिमालेख हरायो

मिति २०८३/०६/२० गते काठमाडौं बाट चितवन जानेक्रममा मेरो निम्न व्यहोरा भएको सक्कली बीमा अभिलेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : गणेश थपलिया
बिमालेख नं. : २१०००८६७६
बीमा कम्पनी : लाइफ इन्स्योरेन्स कर्पोरेसन नेपाल लिमिटेड
ठेगाना : राप्ती -१, चितवन, नेपाल
सम्पर्क नं. : ९८१२२०४७५९

कुवेतमा रोजगार कम्पनी : LUNA CONTRACTING COMPANY-GENERAL CLEANING OF BUILDING, CITIES, AND ROADS

पूर्व स्वीकृति मिति : २०८७/०७/२० LT. No. 350219 चलानी नं. ६०२६३२०८

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब KD	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	CLEANER/HELPER	15	25	100		कम्पनी अनुसार	८ घण्टा	६ दिन	कम्पनी अनुसार	छ		२ वर्ष

कम्पनी : BARBEQUE SPICY RESTAURANT CO.

पूर्व स्वीकृति मिति : २०८३/०७/१८ LT. No. 350350 चलानी नं. ६०२६३२०५

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब OR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	ASSISTANT COOK	0	5	130	६२,७८८	कम्पनी अनुसार	१२घण्टा	६दिन	कम्पनी अनुसार	छ	छ	२वर्ष
2	CLEANER/HELPER	5	5	100	४८,२९९							
3	waiter/waitress/server	10	15	130	६२,७८८							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कार्तिक २८ गते (14th Nov. 2026) मा हुनेछ ।

सम्पर्क ठेगाना : Kathmandu Metropolitian City- 9, Kathmandu, Bagmati Province, Nepal , Tel No.: 01-5929466
Email: Shukranrrecruitmentservices@gmail.com, Website: Www.shukranrecruitment.com.np

SHUKRAN RECRUITMENT SERVICES PVT. LTD.

लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/११/१३ मा दर्ता कायम भएको **खान्दान फुड सर्भिस म्यानेजमेन्ट प्रा.लि.** (**प्रा.लि.नं. २५७०९७/०७७/०७८**) लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०७/२० गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

लिक्विडेटर सरोज दाहाल
इजाजत पत्र नं. ३५३/फोन नं. ९८५१२११००२

लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६०/०८/२२ मा दर्ता कायम भएको **दरबार स्क्वायर क्याफे प्रा.लि.** (**प्रा.लि.नं.२६२०३/०६०/०६१**) लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०७/२० गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

लिक्विडेटर सरोज दाहाल
इजाजत पत्र नं. ३५३/फोन नं. ९८५१२११००२

लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/११/१६ मा दर्ता कायम भएको **इभल्भ कन्सल्टेन्ट्स प्रा.लि.** (**प्रा.लि.नं. २५७३६५/०७७/०७८**) लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०७/२० गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

लिक्विडेटर सरोज दाहाल
इजाजत पत्र नं. ३५३/फोन नं. ९८५१२११००२

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७७/१२/२५ मा दर्ता भएको प्रा.लि.नं. २६१५०७ को **बाङ्देसाल निर्माण सेवा एण्ड सप्लायर्स प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०७/१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/११/२९ मा दर्ता कायम भएको **ग्लोबल इजि लाइफ प्रा.लि.** (**प्रा.लि.नं. ३०८८२१/०७९/०८०**) लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०७/२० गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

लिक्विडेटर सरोज दाहाल
इजाजत पत्र नं. ३५३/फोन नं. ९८५१२११००२

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना

यस कार्यालयमा मिति २०७७/०६/२२ मा दर्ता भएको प्रा.लि.नं. २४४५६३ को **त्रिवेणी स्लेट स्टोन सप्लायर्स प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०७।२० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/१०/२२ मा दर्ता कायम भएको **मिराज एडु कन्सल्टेन्सी प्रा.लि.** (**प्रा.लि.नं. १८३१७५/०७४/०७५**) लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०७/२० गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

लिक्विडेटर सरोज दाहाल
इजाजत पत्र नं. ३५३/फोन नं. ९८५१२११००२

हानाटुर सर्भिस इंक (विदेशी कम्पनीको शाखा कार्यलय)

हकदावी सम्बन्धी सूचना !

कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं.३८००४७ मा दर्ता रहेको **हानाटुर सर्भिस इंक (विदेशी कम्पनीको शाखा कार्यालय)** को मिति २०८२ साल चैत्र ३० गते (तदनुसार सन् २०२६ अप्रिल १३ तारिख) मा आधिकारिक प्रतिनिधिद्वारा गरिएको निर्णय बमोजिम उक्त शाखा कार्यालयलाई कम्पनी ऐन, २०६३ को दफा १२६ अनुसार स्वेच्छिक खारेजी (लिक्विडेसन) प्रक्रियामा लगिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

यस शाखा कार्यालयसँग कोही कसैको कुनै किसिमको लेनदेन, ऋण, दायित्व वा अन्य कुनै हकदावी बाँकी बक्यौता भएमा, तथ्ययुक्त आधार तथा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस) दिन**भित्र तल उल्लेखित लिक्विडेटरको कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा यसै सूचना मार्फत जानकारी गराइन्छ ।

आभाष पण्डित (लिक्विडेटर)
गान्धी एण्ड एशोसिएट्स प्रा.लि.
नागार्जुन गल्ली, सहयोग मार्ग, अनामनगर-२९, फोन नं.०१-४१०२८८०

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

हक दावी गर्न आउने बारेको ३५ दिने सूचना

यस कार्यालयमा मिति २०७४/११/०६ मा दर्ता भएको **इनलाईट एनिमेसन प्राइभेट लिमिटेड (प्रा.लि. नं. १८४१२७** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

हक दावी गर्न आउने बारेको ३५ (पैतिस) दिने सूचना

यस कार्यालयमा मिति २०७७/११/०२ मा दर्ता भएको **नर्ती सुशील पोलीक्लिनिक एण्ड हेल्थ केयर प्राइभेट लिमिटेड (प्रा.लि. नं. २५५८००)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

महालक्ष्मी नगरपालिका
४ नं.वडा कार्यालय इमाडोल, ललितपुर
बागमती प्रदेश, नेपाल

घर नक्सा पास सम्बन्धमा जारी भएको सार्वजनिक सूचना

महालक्ष्मी नगरपालिका वडा नं.४ साविक ईमाडोल गा.वि.स.वडा नं.९ कि.नं.३४०, ३२२ क्षेत्रफल २३८.४८ व.मि.जग्गामा भवन निर्माण गर्न नक्सा पासका लागि २०८३/०५/३१ गते यस वडा कार्यालयमा **१५ (पन्ध्र) दिने सूचना** जारी गरिएकोमा घर/जग्गाको स्वामे बारम्बार बुझाउन जाँदा सम्बन्धित तपसिलमा उल्लेखित सँधियार सम्पर्क हुन नसकेकोले यो **सार्वजनिक सूचना** प्रकाशन गरिएको छ ।

तपसिल
पूर्व कि.नं.३९४, ४७२ पश्चिम कि.नं.३३०, ३४१ दक्षिण कि.नं.३३७

आजको राशिफल



ज्यो. गुरू अनन्त
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

शनिबार, २१ कात्तिक, २०८३

मेष काममा उत्साह बढ्नेछ । नयाँ अवसर प्राप्त हुने र आर्थिक पक्षमा सुधार आउने संकेत छ ।

वृष रोकिएका काम अघि बढ्नेछन् । पारिवारिक सहयोग मिल्नेछ भने खर्चमा सावधानी अपनाउनुहोला ।

मिथुन नयाँ योजना बनाउने अवसर मिल्नेछ । बोली र व्यवहारमा संयम राख्दा सम्बन्ध राम्रो बन्नेछ ।

कर्कट कार्यक्षेत्रमा जिम्मेवारी बढ्नेछ । मेहनतको उचित परिणाम प्राप्त हुनाले आत्मविश्वास बढ्नेछ ।

सिंह सामाजिक क्षेत्रमा मानसम्मान बढ्नेछ । आर्थिक लाभको सम्भावना रहे पनि अनावश्यक खर्चबाट बच्नुहोला ।

कन्या अधुरा काम पूरा गर्ने अवसर मिल्नेछ । स्वास्थ्य र व्यक्तिगत काममा विशेष ध्यान दिनुहोला ।

तुला नयाँ सम्पर्कबाट फाइदा पुग्नेछ । व्यापार तथा व्यवसायमा सकारात्मक परिणाम प्राप्त हुनेछ ।

वृश्चिक काममा धैर्य र लगनशीलता आवश्यक देखिन्छ । पारिवारिक वातावरण सुखद् रहनेछ ।

धनु नयाँ अवसरले उत्साह थप्नेछ । अध्ययन, यात्रा तथा व्यावसायिक क्षेत्रमा सफलता मिल्ने सम्भावना छ ।

मकर मेहनतअनुसार उपलब्धि हासिल हुनेछ । आर्थिक कारोबार गर्दा सोचविचार गरेर निर्णय लिनुहोला ।

कुम्भ नयाँ काम सुरु गर्न अनुकूल समय छ । साथीभाइको सहयोगबाट रोकिएका काम पूरा हुनेछन् ।

मीन पारिवारिक सम्बन्धमा आत्मीयता बढ्नेछ । व्यवसाय तथा रोजगारीमा नयाँ सम्भावना देखिनेछ ।

प्रहरी तथा एम्बुलेन्स

प्रहरी कन्ट्रोल क प्रहरी	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५/४२६१७९०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी भक्तपुर)	६६१४८२१
आर्कस्मिक प्रहरी सेवा	४२२६९९९
परोपकार एम्बुलेन्स सेवा	४२६०८५९
विशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६

H अस्पताल र विविध

दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२२५३४४
नेपाल आँखा बैंक	४४९३६८४
नेपाल आँखा अस्पताल	४२५०६९१
मध्यपुर अस्पताल, भक्तपुर	०१-६६३१६५८
तिलगंगा आँखा अस्पताल	४४९३६८४
वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३९६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६७६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४७९८/४४२७४५२
काठमाडौं मोडेल अस्पताल	४२४०८०५२६
बी एण्ड बी अस्पताल	५५३३२०६
मेडिकेयर नेसनल अस्पताल	४४६७०६७
मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स)	४४६७०६७
फ्रेन्डस अफ शान्ता भवन	४४७०१८१
नेपाल अर्थोपेडिक अस्पताल	४४९३७२५
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल	४४७६१५२
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी	४९११००८
कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज	४३७०१३६
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४१११९५७/८५८
ओम हस्पिटल एण्ड रिसर्च सेन्टर	४४७६२२५
नर्भिक, थापाथली	४२५८५५४
सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७१३२२/४३७१३७४
लाइफ केयर अस्पताल	४२२७७३५
मितेरी अस्पताल	६६३१७३६२६६३४०१६
क्यापिटल हस्पिटल (प्रा.) लि.	४२४४०२२
श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं)	४४९८०३५
निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस	६६१२२६६
एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किडनी सेन्टर	४३६३४५२/४३६०८८९
मानसिक अस्पताल	४४८०१७०
ह्याम्स अस्पताल, बुद्धनगर	४७८४८४०/४७८५१५७
ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि.	४३५४५३७/४३८१९६२
गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट	४२५८५५२/४२५८५५१
मनमोहन मेमोरियल अस्पताल, लैनचौर	४४११६०५/४४२०८२३
भरोसा अस्पताल प्रा.लि., बानेश्वर	४४७४९६८/४४८९८९१

शववाहन र विविध

सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी	०१ ६९१२१४४
जनमैत्री हस्पिटल, बालाजु	४३६६३०१-०५
विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु	४३८३१५२/४३८०८४८
नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आइघाट सेवा कन्द्र	४४९२९९९
देव कर्नर निःशुल्क शववाहन सेवा	४४३४०९३
नेपाल मिटर टचाक्सी संघ	४२२४३७४

नेपाल राष्ट्र बैंक

२१ कात्तिक, २०८३ (०७ नोभेम्बर २०२६)

मुद्रा	एकाइ	खरिद दर	बिक्री दर
भारतीय रूपैयाँ	१००	१६०.००	१६०.१५
अमेरिकी डलर	१	१५१.६३	१५२.२३
युरो	१	१६९.२२	१६९.८९
पाउन्ड स्टर्लिङ	१	२०३.०७	२०३.८७
स्विस फ्रैन्क	१	१८३.७८	१८४.५१
अस्ट्रेलियन डलर	१	१०६.६४	१०७.०६
क्यानाडियन डलर	१	१०८.५१	१०८.९४
सिङ्गापुर डलर	१	११८.६४	११९.११
जापानी येन	१०	९.६२	९.६६
चिनियाँ युआन	१	२२.७९	२२.८८
साउदी अरब रियाल	१	४०.४०	४०.५६
कतारी रियाल	१	४१.६२	४१.७८
थाई भाट	१	४.४९	४.५१
संयुक्त अरब इमिरेट दिराम	१	४१.२९	४१.४५
मलेसियन रिङ्गेट	१	३७.३७	३७.५२
दक्षिण कोरियन वन	१००	११.३७	११.४१
स्विडिस क्रोनर	१	१५.४३	१५.४९
डेनिस क्रोनर	१	२२.६४	२२.७३
हङकङ डलर	१	१९.३३	१९.४१
कुवेती दिनार	१	४९१.९१	४९३.८५
बहराइन दिनार	१	४०१.६७	४०३.२६

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरुले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

'डम्फु सेलो शतक यात्रा' पुस्तक लोकार्पण



■ प्रभाव संवाददाता

काठमाडौं– 'डम्फु सेलो' कार्यक्रमको १०० शृंखलालाई विश्लेषणात्मकरूपमा अध्ययन एवं अनुसन्धान गरेर तयार गरिएको पुस्तक 'डम्फु सेलो शतक यात्रा' पुस्तक लोकार्पण भएको छ । पत्रकार तथा लेखक सुशीला तामाङले अध्ययन तथा अनुसन्धान गरेको पुस्तकको सम्पादन अनुसन्धाता कैलाश राईले गरेकी हुन् ।

शुक्रबार बौद्धस्थित डम्फु सेलोको स्टुडियोमा आयोजित समारोहमा लेखक तामाङसहित अनुसन्धाता राई, पूर्वसंस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री परशुराम वाइबा तामाङ, पूर्वमन्त्री सूर्यमान दोङ, तामाङ संस्कृतिविद् मानवशास्त्री बुद्धिबहादुर ङचासुर तामाङ, कवि एवं आख्यानकार बिना थिङ, गायक रोजबहादुर मोक्तान, लेखक एवं अध्यता रविन्द्र तामाङलगायत कार्यक्रममा सहभागीहरूले संयुक्तरूपमा पुस्तकको लोकार्पण गरेका थिए ।

पुस्तकमा डम्फु सेलोको पृष्ठभूमि, सेलो र डम्फुको अन्तरसम्बन्ध, डम्फुको निर्माणको इतिहास, सेलो संगीतको आयामलगायत पक्षलाई संक्षिप्त ढंगले केलाउँदै विशेषगरी डम्फु सेलो कार्यक्रमको १०० शृंखलालाई जोड दिएर अध्ययन तथा विश्लेषण गरिएको छ । पुस्तकमा कार्यक्रमको सुरुवाती कथा, सञ्चालनको संघर्ष, चुनौती र आमदर्शकहरूको साथ एवं प्रेम, कार्यक्रममा उपस्थित अतिथि टोलीको धारणालाई समेत समेटिएको छ ।

पुस्तकको लोकार्पणपछि 'तामाङ संस्कृति र डम्फु सेलो' विषयक छलफल कार्यक्रम गरिएको थियो । छलफलमा पूर्वराज्यमन्त्री परशुराम तामाङ, तामाङ संस्कृतिविद् एवं मानवशास्त्री बुद्धिबहादुर ङचासुर तामाङ, कवि एवं आख्यानकार बिना थिङ र गायक रोज मोक्तानले पुस्तक एवं तामाङ पहिचान, इतिहास, सभ्यता, सेलो संगीतको विविध आयामबारे परिचर्चा गरेका थिए । छलफलको सहजीकरण डम्फु सेलो कार्यक्रमका निर्माता/प्रस्तोता जगतमान लामा दोङ तामाङले गरेका थिए ।

पूर्वराज्यमन्त्री तामाङले पुस्तकमा डम्फु सेलोमात्र नभई तामाङ संस्कृतिसम्बन्धी गह विषय समेटिएको पाइएको बताए । यसले तामाङ समुदायको संस्कार, संस्कृतिसँगै डम्फु सेलो कार्यक्रमको संरचनालाई उजागर गरेको उनको भनाइ थियो ।

तामाङ संस्कृतिविद् ङचासुरले पुस्तकमा समेटिएको विषयवस्तुलाई नयाँ युगको सेलोको रूपमा रहेको धारणा राखे । सरल भाषा र प्रस्तुति रहेको पुस्तकले तामाङ समुदायको पक्ष र युगको कुरा बुझ्न सघाउ पुऱ्याउने बताए ।

त्यस्तै कवि एवं आख्यानकार थिङले डम्फु सेलो कार्यक्रममा समेटिने विषयवस्तुलाई मिहिनरूपमा प्रस्तुत गरिएको बताए । उनले डम्फु सेलो कार्यक्रममा कतिपय महिलाद्वेषी शब्दहरू प्रयोग गरिएको कुरा पुस्तकमा गीतकै हरफ दिएर प्रस्ट पारिएको पाइएको उल्लेख गरिन् । यस्ता शब्दहरूलाई परिमार्जन गरेर तामाङ पहिचान र मुक्तिका विषय कार्यक्रमले समेट्नुपर्ने सुझाव उनले दिइन् ।

कवि थिङको कुरामा सहमति जनाउँदै गायक मोक्तानले कार्यक्रममा शब्द चयनमा ध्यान दिनुपर्ने र अपाच्य तथा गलत सन्देश दिने शब्दमाथि सेन्सर गर्नुपर्ने बताए । उनले डम्फु र सेलो संगीतको प्रवर्द्धन गर्न कार्यक्रमले प्रभावकारी भूमिका खेलेको भन्दै प्रशंसा गरे ।

कार्यक्रममा लेखक तामाङ र सम्पादक राईले पुस्तक तयार पार्दाका अनुभवहरू राखेका थिए । कार्यक्रममा स्वागत मन्तव्य राख्नेक्रममा इण्डिजिनियस टेलिभिजनका अध्यक्ष देवकुमार सुनुवारले तामाङ सेलो संगीतमार्फत तामाङ समुदायको सभ्यता, संस्कृति, इतिहास, पहिचानलाई संरक्षण एवं सम्बर्द्धन गर्दै यसलाई विश्वव्यापीकरण गर्नुपर्छ भन्ने हेतुले डम्फु सेलो कार्यक्रम सुरुवात गरिएको जानकारी दिए ।

प्रत्येक शुक्रबार इण्डिजिनियस टेलिभिजन र जिग्मे मिडियाको युटुचुब च्यानलबाट प्रसारण भइरहेको यो कार्यक्रमको शुक्रबार साँझ १२७औं अंक प्रसारण भएको छ । कार्यक्रम निर्माता/प्रस्तोता दोङले पुस्तकमा औंल्याइएका कमजोरीहरूको सुधार र प्राप्त सुझावहरू समेट्दै कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता जनाए ।

कोप–३१ मा नेपालले जलवायु न्याय र पर्वतीय मुद्दालाई सशक्त स्वरमा उठाउने

■ प्रभाव संवाददाता

काठमाडौं– नेपालले संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी प्रारूप महासन्धिको ३१औं सम्मेलन (कोप-३१) मा जलवायु न्याय, पर्वतीय क्षेत्रको संरक्षण तथा जलवायुजन्य विपद्का विषयलाई सशक्त रूपमा उठाउने तयारी गरेको छ । आगामी नोभेम्बर ९ देखि २० तारिख (कात्तिक २३ देखि मंसिर ४ गते) सम्म टर्कीको अन्ताल्यामा आयोजना हुने सम्मेलनमा नेपालले भोटेकोशीलगायत विभिन्न क्षेत्रमा जलवायु परिवर्तनका कारण उत्पन्न बाढी, पहिरो तथा अन्य विपद्बाट नागरिकले भोग्नुपरेको पीडालाई अन्तर्राष्ट्रिय समुदायसमक्ष प्रस्तुत गर्ने तयारी गरेको हो ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयका सचिव डा. राजेन्द्रप्रसाद मिश्रले यसपटकको सम्मेलनमा नेपालको राष्ट्रिय प्राथमिकता र जलवायु एजेण्डालाई प्रभावकारीरूपमा प्रस्तुत गर्न विगतको तुलनामा प्रभावकारी तयारी गरिएको बताए । उनका अनुसार सम्मेलनको पहिलो साता पररा्ष्ट्रमन्त्री शिशिर खनाल र दोस्रो साता कृषि, वन तथा वातावरणमन्त्री गीता चौधरीले नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गरी त्यसतर्फ प्रस्थान गर्ने छन् ।

नेपालले राष्ट्रिय स्थितिपत्रमार्फत आफ्ना एजेण्डा र प्राथमिकता निर्धारण गरिसकेको सचिव डा. मिश्रले जानकारी दिए । लामो समयदेखि अन्तर्राष्ट्रिय जलवायु मञ्चमा उठाउँदै आइएको पर्वतीय मुद्दालाई यसपटक थप प्राथमिकताका साथ अघि बढाइएको उनले बताए । नेपालले भुटानसँगको सहकार्यमा पर्वतीय क्षेत्रमा तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित राख्ने विषयलाई साझा एजेण्डाका रूपमा प्रस्तुत गर्ने तयारी गरेको छ । यसअघि राष्ट्रिय जलवायु सम्मेलनमार्फत जलवायु परिवर्तनसँग सम्बन्धित सबै सरोकार भएका निकायका प्रतिनिधिको सहभागितामा राष्ट्रियस्तरको छलफलसमेत सम्पन्न गरिएको उनले जानकारी दिए ।

नेपालले कोप-३१ मा आफ्नै राष्ट्रिय पेभिलियन स्थापना गरी नागरिक समाज, स्थानीय समुदाय, निजी क्षेत्र तथा सञ्चारमाध्यमका आवाजलाई अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्ने व्यवस्था मिलाएको छ । पेभिलियनमार्फत नेपालले जलवायु परिवर्तनका असर, विपद्का अनुभव र जलवायु न्यायका सवाल समेटेर ५० भन्दा बढी साइड इभेन्ट आयोजना गर्ने तयारी गरेको छ । नेपालले न्यून मात्रामा हरितगृह ग्यास उत्सर्जन गरे पनि जलवायु परिवर्तनको उच्च जोखिममा रहेको उल्लेख गर्दै सचिव मिश्रले जलवायु न्यायको मुद्दालाई सशक्तरूपमा उठाइने बताए ।

'जलवायु परिवर्तनका जोखिम साझा र बहुआयामिक छन् । यसको समाधानका लागि पनि सामूहिक प्रयास आवश्यक छ,' उनले भने, 'त्यसैले राजनीतिक नेतृत्व, वार्ताकार प्रतिनिधिमण्डल, नागरिक समाज र निजी क्षेत्रको सहभागितालाई उच्च प्राथमिकता दिँदै नेपालको आवाजलाई अन्तर्राष्ट्रिय समुदायसमक्ष सशक्त बनाउने प्रयास गरेका छौं ।'

नेपालले हिमाली क्षेत्रको जलवायु जोखिम न्यूनीकरण तथा अनुकूलनका लागि छिमेकी तथा अन्य पर्वतीय मुलुकसँग सहकार्य विस्तार गर्ने नीति लिएको छ । यसैक्रममा नोभेम्बर १२ (कात्तिक २६ गते) हिमालयसम्बन्धी उच्चस्तरीय कार्यक्रम आयोजना गर्ने छ ।

त्यस्तै नेपाल, भुटान र किर्गिस्तानको संयुक्त आयोजनामा नोभेम्बर ९ (कात्तिक २३ गते) 'स्ट्रेन्थेनिङ माउन्टेन रेजिलियन्स थ्रु एडप्टेसन फाइनान्स' विषयमा साइड इभेन्ट सञ्चालन हुने सचिव डा. मिश्रले जानकारी दिए । सम्मेलनका क्रममा नेपाल र कोरिया सरकारबीच कार्बन व्यापारसम्बन्धी द्विपक्षीय समझदारीपत्र (एमओयू)मा हस्ताक्षर गर्ने कार्यक्रमसमेत रहेको उनले बताए ।

उनका अनुसार सम्मेलनमा सहभागी हुने प्रतिनिधिहरूको रुचि, क्षमता र विज्ञताका आधारमा जिम्मेवारी बाँडफाँट गरिएको छ ।

सामाजिक सुरक्षाभत्ता हिनामिना प्रकरणमा पाँच जनाविरूद्ध मुद्दा

काठमाडौं (प्रस)– अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सामाजिक सुरक्षाभत्ता हिनामिना गरेको आरोपमा ओखलढुंगाको लिखु गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृतहरूसहित पाँच जनाविरुद्ध शुक्रबार विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

आयोगले तत्कालीन प्रमुख प्रशासकीय अधिकृतहरू ओमबहादुर दर्जी र अभयकुमार गुप्ता, निमित्त प्रमुख प्रशासकीय अधिकृत दीनानाथ चौधरी, लिखु गाउँपालिकाको ९ नम्बर वडाका वडाध्यक्ष शुकवीर तामाङ र पालिकाको एमआइएस अपरेटर खिला विकविरुद्ध मुद्दा दायर गरेको हो ।

तत्कालीन प्रमुख प्रशासकीय अधिकृत दर्जीविरुद्ध नौ लाख ५३ हजार रूपैयाँ, गुप्ताविरुद्ध ११ लाख ६७ हजार रूपैयाँ, चौधरीविरुद्ध सात लाख ९४ हजार रूपैयाँ, वडाध्यक्ष तामाङ र जिआइएस अपरेटर विकविरुद्ध जनही ३१ लाख ६७ हजार रूपैयाँ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिम कैद सजायसमेत माग गरिएको छ ।

निजहरूले विभिन्न आर्थिक वर्षमा मृत्यु भइसकेका लाभग्राहीको लगत कट्टा नगरी भत्ता वितरण गरेको देखाइ ३१ लाख ६७ हजार रूपैयाँ हिनामिना गरेको पुष्टि भएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए ।

कलश प्रोपर्टिज लिमिटेडको
वार्षिक साधारणसभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८३/०७/२१

आदरणीय शेयरधनी महानुभावहरु,

यस कलश प्रोपर्टिज लिमिटेडको मिति २०८३/०६/११ गते आइतबार बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार कम्पनीको आ.व. २०८२/०८३ को १० औं वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेरधनि माहानुभावहरुको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

साधारणसभा बस्ते मिति, समय र स्थान :

मिति : २०८३/०८/०३ विहिबार (तदनुसार १९ नोभेम्बर २०२६)

समय : दिउसोको ०३ :०० बजे ।

स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, सुविधानगर तिनकुने, काठमाण्डौं, नेपाल ।

छलफलका विषयहरु :

क) सामान्य प्रस्ताब :-

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत आ.व.२०८२/०८३ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने सम्बन्धमा ।

२) लेखापरिक्षण प्रतिवेदन सहित २०८३ आषाढ मसान्त (आ.व. २०८२/०८३) सम्मको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह लगायतका वित्तिय विवरणहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८३/०८४ को लागी लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

ख) विविध

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

साधारण सभामा उपस्थित हुने बारे ।

मिति २०८३/०७/१८ मा बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस संस्थाको बिसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुने भएकोले उक्त साधारण सभामा उपस्थितीको लागि हार्दिक अनुरोध गर्दछौं ।

मिति	समय	स्थान
२०८३/०८/२६ गते शनिवार	बिहान १०:०० बजे	संस्थाको कार्यालयको प्राङ्गण, सामाखुसी

छलफल हुने विषयहरु :

१. संचालक समितिको तर्फबाट अध्यक्ष ज्युको वार्षिक प्रतिवेदन प्रस्तुत एवं पारित गर्ने ।
२. लेखा समितिको प्रतिवेदन प्रस्तुत एवं पारित गर्ने ।
३. आ.व.२०८२/८३ को लेखापरीक्षण प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
४. आ.व.२०८२/८३ को मूनाफा रकमबाट शेयरधनीलाई लाभांश दिन स्वीकृत गर्ने ।
५. आ.व.२०८३/८४ को लागि लेखापरीक्षकको नियुक्ति तथा पारीश्रमिक तोक्ने ।
६. आ.व.२०८३/८४ को वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने ।
७. संचालक समिति तथा लेखा समितिको निर्वाचन गर्ने ।
८. विनियम संशोधन सहित पुर्नलेखन उपर छलफल गरी पारीत गर्ने सम्बन्धमा ।
९. "आर्थीक प्रसाशन कार्यविधि- २०८३" उपर छलफल गरी पारीत गर्ने सम्बन्धमा ।
१०."मानव संसाधन व्यवस्थापन कार्यविधि-२०८३" उपर छलफल गरी पारीत गर्ने सम्बन्धमा ।
११." सदस्यता व्यवस्थापन कार्यविधि- २०८३" उपर छलफल गरी पारीत गर्ने सम्बन्धमा ।
१२."जोखिम व्यवस्थापन कार्यविधि - २०८३" उपर छलफल गरी पारीत गर्ने सम्बन्धमा ।
१३."बचत व्यवस्थापन कार्यविधि - २०८३" उपर छलफल गरी पारीत गर्ने सम्बन्धमा ।
१४.संसोधन सहित एकिकृत विनियम २०८३ लेखन सम्बन्धमा .
१५.ऋण व्यवस्थापन कार्यविधि - २०८३
(कर्जा लगानी तथा असुली कार्यविधि २०८१ संसोधन सहित पुर्नलिखित)
१६.संरक्षित पूँजी फिर्ता कोष व्यवस्थापन कार्यविधि - २०८३
संरक्षित पूँजी फिर्ताकोष व्यवस्थापन कार्यविधि - २०८१ संसोधन सहित पुर्नलेखन)
१७.सम्पत्ति शुद्धीकरण निवारण कार्यविधि - २०८३
सम्पत्ति सुद्धीकरण निवारण तथा वित्तिय जोखिम विश्लेषण कार्यविधि - २०८१ संसोधन सहित पुर्नलिखित .
१८.साधारण सभा निर्णय पुस्तिका प्रमाणित गर्न सदस्यहरुको मनोनयन गर्ने ।
१९.विविध ।

राजु कुमार लामा
सचिव

श्री सत्य साई बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
सामाखुशी-२६, काठमाण्डौ । फोन : ४९५६५०७

युएइमा रोजगार | कम्पनी : BAYT AL NADHAFAH BLDG.CLEANING

पूर्व स्वीकृति मिति : २०८२/०६/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१८ | LT. No. 350071 | चलानी नं. ६०१६३१३४

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	A Cleaner	60	0	1000	९१,१८४	रु.नि. अनुसार	८ घण्टा	६ दिन	रु.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक २८ गते (14th Nov. 2026) मा हुनेछ ।

रुवदेशमा बसेर वि मेडिकल सर्भ गरको जर्को र फर्की जर्को	रोजगार कम्पनिले मेडिकल सर्भ दिने / नदिने	रुवदेशमा बसेर बिमा सर्भ गरको व्यक्तिले र फर्की लाग्ने	रोजगारमा बिमा हुने/नहुने र गरको व्यक्तिले	हवाई टिकट गरको दिने र फर्की लाग्ने	भिषा शुल्क गरको दिने र फर्की लाग्ने	सामाजिक सुरक्षा कोष गरको दिने र फर्की लाग्ने (सरासरीमा)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखीकरण शुल्क फर्की लाग्ने र गरको व्यक्तिले	बिमा रकमिएर शुल्क गरको व्यक्तिले
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २,४९८/- कामदारले तिर्ने	रु. १,१००/- कामदार आफैले	निःशुल्क	रु.३००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्रोसेस भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तेब, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोझो एजेन्सि आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहतापनमा सम्पर्क राख्नुहोला ।

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmarthrn@gmail.com

युएइमा रोजगार | कम्पनी : TANZIFCO EMIRATES

पूर्व स्वीकृति मिति : २०८१/१२/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/२० | LT. No. 320630 | चलानी नं. ६०१३४८१२

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Cleaners	98	0	800	३२,९४७	रु.नि. अनुसार	८ घण्टा	६ दिन	रु.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक २८ गते (14th Nov. 2026) मा हुनेछ ।

रुवदेशमा बसेर वि मेडिकल सर्भ गरको जर्को र फर्की जर्को	रोजगार कम्पनिले मेडिकल सर्भ दिने / नदिने	रुवदेशमा बसेर बिमा सर्भ गरको व्यक्तिले र फर्की लाग्ने	रोजगारमा बिमा हुने/नहुने र गरको व्यक्तिले	हवाई टिकट गरको दिने र फर्की लाग्ने	भिषा शुल्क गरको दिने र फर्की लाग्ने	सामाजिक सुरक्षा कोष गरको दिने र फर्की लाग्ने (सरासरीमा)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखीकरण शुल्क फर्की लाग्ने र गरको व्यक्तिले	बिमा रकमिएर शुल्क गरको व्यक्तिले
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २,९९८/- कामदारले तिर्ने	रु. १,१००/- कामदार आफैले	निःशुल्क	रु.३००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्रोसेस भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तेब, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोझो एजेन्सि आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहतापनमा सम्पर्क राख्नुहोला ।

Index Recruitment Pvt. Ltd.
Chabahil - 7, Kathmandu, Nepal, Tel No. +977-01-5911443 Mo.No. Bina Gurung 9813850986
Neelam Ghimire 9814269669, E-mail : info@indexrecruitment.com.np, www. www.indexrecruitment.com.np

जापानमा रोजगार | कम्पनी : MIRAI RIDO KYOUDOU KUMIAI

पूर्व स्वीकृति मिति : २०८३/०७/२० | LT. No. 350026 | चलानी नं. ६०१६३१५४

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब YEN	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Construction Labouers	3	0	216504	२०६,८३३	रु.नि. अनुसार	८ घण्टा	६ दिन	रु.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : MIRAI RIDO KYOUDOU KUMIAI

पूर्व स्वीकृति मिति : २०८३/०७/२० | LT. No. 350025 | चलानी नं. ६०१६३१५८

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब YEN	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Construction Labouers	2	0	195000	१,८६,२८०	रु.नि. अनुसार	८ घण्टा	६ दिन	रु.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : MIRAI RIDO KYOUDOU KUMIAI

पूर्व स्वीकृति मिति : २०८३/०७/२० | LT. No. 350024 | चलानी नं. ६०१६३१५६

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब YEN	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Construction Labouers	2	0	193905	१,८५,२४४	रु.नि. अनुसार	८ घण्टा	६ दिन	रु.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : MIRAI RIDO KYOUDOU KUMIAI

पूर्व स्वीकृति मिति : २०८३/०७/२० | LT. No. 350023 | चलानी नं. ६०१६३१५५

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब YEN	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Construction Labouers	2	0	193905	१,८५,२४४	रु.नि. अनुसार	८ घण्टा	६ दिन	रु.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक २८ गते (14th Nov. 2026) मा हुनेछ ।

■ प्रशिक्षार्थीमाथि आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सानुपानिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सानुपानिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीसँग जायजमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको निषेधमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जायजमी माथा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) शाखापी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सानुपानिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सानुपानिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) जायजमी माथा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपाली आधू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुन: कामना लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिबद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्नै भनी आधू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिबद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।

१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रातिको कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीलाई तिनुपर्ने (संघा शुल्क, यातायात, भिषा तथा प्रबन्धन खर्च समेतको) कूल खर्च: ९०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रातिको कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ ।

नोट: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा वैदेशिकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:
१) आफ्नो नामना भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कहिलाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तेब, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोझो एजेन्सि आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग कुटनयतमा सम्पर्क राख्नुहोला ।

| रुवदेशमा बसेर वि मेडिकल सर्भ गरको जर्को र फर्की जर्को | रोजगार कम्पनिले मेडिकल सर्भ दिने / नदिने | रुवदेशमा बसेर बिमा सर्भ गरको व्यक्तिले र फर्की लाग्ने | रोजगारमा बिमा हुने/नहुने र गरको व्यक्त

संकटमा मादल बनाउने पेसा



नवराज कार्की/ओखलढुंगा

मादल बनाउन कालीगढको अभावमा यहाँको स्थानीय बजारमा नयाँ मादल पाउन नै मुस्किल परेको छ । कुनै समय तिहारमा मादल बनाउने कालीगढको काम भ्याइनभ्याइ हुन्थ्यो । नयाँ मादल किन्न र पुराना मादल मर्मत गर्न । आजकाल दक्ष कालीगढले मादल बनाउन नै छोडेपछि बजारमा मादल पाउन मुस्किल पर्दै गएको हो ।

मादल बनाउन चाहिने छाला र काठ पाउन कठिन हुँदै गएको छ । सामुदायिक वनमा काठ काट्न नपाइने र छाला पनि सहजै उपलब्ध नहुने भएपछि नयाँ मादल उत्पादन गर्न झन समस्या भएको कालीगढहरू बताउँछन् । नयाँ मादल बनाउने काम घटे पनि पुराना मादल मर्मत गर्ने काम भने अझै जारी छ ।

नीरकाजी विशंखेले पुरानो मादलको खरीमात्रै लगाउँदा दुई हजार रूपैयाँ, दुवैपट्टि ताल फेर्दा चार हजार रूपैयाँ र एकपट्टिमात्रै फेर्दा तीन हजार रूपैयाँ लिने गरेको बताए । नयाँ मादल बनाउने काम घट्दै गएको छ । करिब ५६ वर्षदेखि मादल बनाउने काम गर्दै आएका ओखलढुंगाको ठूलाछापका विशंखेले यो परिवर्तनलाई नजिकबाट अनुभव गरेका छन् । उनका लागि तिहार कुनै समय सबैभन्दा व्यस्त सिजन थियो । मादल बनाउन र मर्मत गर्न आउने ग्राहकको चापले फुर्सद मिल्दैन थियो । तिहारको समयमा नयाँ-पुराना गरेर सयौं मादल बनाउने र मर्मत गर्ने गरेको उनलाई अझै याद छ ।

तर अहिले त्यही सिजनमा उनी फुर्सदिलो छन् । उनीसँग यसपालि मुस्किलले केही थान मादलमात्रै मर्मतका लागि आएका छन् । 'पहिले मादलको काम मनग्यै हुन्थ्यो । अहिले मादल खासै छैनन् । नयाँ मादल पनि खासै बनाउने गरेको छैन,' नीरकाजी भन्छन्, 'आफ्नो मिहेनत नउठेपछि नयाँ मादल बनाउनै छाडचौं, पुराना मादल मर्मत गरेर यसो बसिबियाँलो गर्दै छु ।'

नीरकाजीका अनुसार पहिले मादल बनाउने कामबाट तिहारको सिजनमा डेढ लाख रूपैयाँभन्दा बढी आम्दानी हुन्थ्यो । कुनै समय त दुई लाख रूपैयाँदेखि तीन लाख रूपैयाँसम्म कमाइ हुने गरेको उनको अनुभव छ । समयसँगै मादलको माग घट्दै जाँदा आम्दानी पनि खुम्चिएको छ । पोहोरसम्म ७० हजार रूपैयाँदेखि ८० हजाररूपैयाँसम्म कमाइ भए पनि अहिले त्यो अवस्था छैन ।

उनका अनुसार अहिले मादलको कामबाट हुने आम्दानी २५ हजार रूपैयाँदेखि ३० हजार रूपैयाँसम्ममा सीमित छ । ठूलाछापमा मादल बनाउने चार पाँच घर छन् । तर सबैको अवस्था उस्तै छ । नयाँ मादल बनाउनेभन्दा पुराना मादल मर्मत गर्ने काम बढी छ । ग्राहकको अभाव र कच्चा पदार्थको समस्या दुवै भएपछि नयाँ उत्पादनमा लगानी गर्नसमेत कालीगढहरू हिचकिचाउन थालेका छन् । मादल बनाउने काममा अहिले सबैभन्दा ठूलो समस्या कच्चा पदार्थको अभाव देखिएको छ । मादल बनाउन गाईगोरु, राँगा र बाख्राको छाला आवश्यक पर्छ ।

तर अहिले गाईगोरुको छाला सहजै उपलब्ध हुन छाडेको कालीगढहरूको भनाइ छ । पहिले गाउँमै गाईगोरु पाइने र छालाको व्यवस्था गर्न सजिलो हुने गरेको थियो । अहिले गाउँमा गाईगोरु कम हुँदै गएका छन् । छाला पाउन मुस्किल भएपछि राँगा र बाख्राको छाला मिलाएर काम चलाउनुपर्ने अवस्था छ । मादल बनाउन आवश्यक सामग्री सहजै उपलब्ध नहुँदा नयाँ मादल उत्पादन गर्न कठिन भएको नीरकाजी बताउँछन् । उनको अनुभवमा सामग्री जुटाउनै समस्या भएपछि मिहेनतअनुसार आम्दानी नहुने अवस्था छ । त्यसैले पुराना मादल मर्मत गरेर पेसा धान्ने प्रयास भइरहेको उनले बताए ।

मादल बनाउने पेसामा आएको संकट नीरकाजीकोमात्रै अनुभव होइन । पुस्तौंदेखि मादल बनाउने काम गर्दै आएका ८० वर्षीय कालीबहादुर विशंखेको अनुभव पनि उस्तै छ । उनले १२ वर्षको उमेरदेखि मादल बनाउन थालेका हुन् । बाल्यकालमै सिकेको सीपलाई उनले जीवनको लामो समयसम्म निरन्तरता दिए ।

पहिले तिहारको सिजनमा नयाँ मादल बनाउने र पुराना मादल मर्मत गर्ने कामले फुर्सद मिल्दैनथ्यो । यो सिजनमा २० देखि २२ वटासम्म नयाँ मादल बनाउने गरेको उनलाई सम्झना छ । त्यतिबेला बजारमा मादल बिक्री नभए अर्को हप्ता लगेर बेच्ने गरिन्थ्यो । मादल मर्मत गर्न आउने ग्राहक पनि उत्तिकै हुन्थे । तर अहिले नयाँ मादल बनाउने काम लगभग बन्द भएको छ । उनले बनाएका केही मादल बिक्री हुने आशामा घरमै राखेका छन् ।

'अहिले नयाँ मादल बनाएकै छैन । तीनवटा साना मादल बनाएर राखेको छु,' उनी भन्छन्, 'बिक्री भए त हुन्थ्यो, नभए दुःखमात्रै हुन्छ ।' पुर्खाबाट सिकेको सीप

> मादल बनाउने पेसामा संकट आउनुका पछाडि एउटै कारण छैन । मादलको प्रयोग घट्नु, डेक र मोबाइलको बढ्दो प्रयोग, बजारमा अनलाइनबाट आउने मादलसँगको प्रतिस्पर्धा, कच्चा पदार्थको अभाव र नयाँ पुस्ताको अरू पेसातर्फ आकर्षण यसको प्रमुख कारणका रूपमा देखिएको छ ।

नयाँ पुस्तामा हस्तान्तरण हुन नसक्नु पनि मादल बनाउने पेसा संकटमा पर्नुको अर्को कारण हो । बुवा र बाजेले मादल बनाएको देखेरै सीप सिकेका धनबहादुर बैरागी सार्की अहिले आफ्ना सन्तानले यो पेसालाई निरन्तरता नदिएको बताउँछन् । पहिले परिवारमै सीप सिक्ने र पुस्तान्तरण हुने गरे पनि अहिले नयाँ पुस्ता गाउँमा बस्न नचाहने र बाहिर जाने क्रम बढेको उनको अनुभव छ । 'बाबुबाजेले गरे, त्यही काममा हामीले पनि सिक्यौं,' उनी भन्छन्, 'अहिले छोराछोरी अलिकति हुर्केपछि बाहिरतिर हिँडिहाल्छन् । यो काममा हात लगाउँदैनन् ।'

पढाइलेखाइ धेरै नभएकाले पुर्खाको पेसालाई नै आफ्नो काम बनाएको उनको भनाइ छ । खेतीपातीसँगै मादल बनाउने काम गरेर जीवन चलाउँदै आएका उनी अहिले काम नपाउँदा समस्यामा छन् । पहिले मादल बनाउने कामबाट दैनिक आम्दानी हुने गरे पनि अहिले महिनामा दुई-तीन दिनमात्रै काम पाइने अवस्था छ । काम पाएको दिन ५०० रूपैयाँदेखि हजार रूपैयाँसम्म कमाइ भए पनि नियमित काम नहुँदा त्यसले जीविका चलाउन पुग्दैन । धनबहादुर गुनासो गर्छन् ।

तिहारको सिजनमा मादल मर्मत गरेर पाँच हजार रूपैयाँदेखि सात हजार रूपैयाँमात्रै कमाइ हुने गरेको उनी बताउँछन् । तर त्यो पनि ग्राहक आएमात्रै सम्भव हुन्छ । मादल मर्मतको काम नियमित नहुँदा आम्दानीको भरपर्दो स्रोत खस्किन थालेको छ । मादलको प्रयोग घट्नुमा आधुनिक प्रविधिको विस्तारलाई पनि कालीगढहरूले कारण मानेका छन् । पहिले चाडपर्व, उत्सव र रमाइलोका अवसरमा मादल बजाउने चलन बढी थियो । गाउँघरमा मादलको तालमा गीत गाउने र रमाइलो गर्ने गरिन्थ्यो ।

अहिले डेक र मोबाइलबाट गीत बजाउने प्रवृत्ति बढेको उनीहरूको अनुभव छ । यसले मादलको प्रयोग र माग दुवै घटाएको छ । ठूलाछापकै लगने सार्कीले पनि मादल बनाउने पेसामा आएको परिवर्तनलाई नजिकबाट अनुभव गरेका छन् । उनका अनुसार कुनै समय मादल बनाउने काममा उनको घरमामात्रै होइन, वरपरका १२-१४ जना मानिससमेत संलग्न हुन्थे ।

तिहारको समयमा दुई हप्तासम्म कामको चाप हुन्थ्यो । मादल बनाउन आउने ग्राहकको भीडले कामदारलाई समेत व्यस्त बनाउँथ्यो । अहिले भने त्यो अवस्था छैन । 'पहिले लाखभन्दा बढी कमाइ हुन्थ्यो । अहिले मान्छे नै आउँदैनन् । बजारमा लगेर के गर्नु ? गाडीभाडा खर्च गरेर लगे पनि बिक्री हुँदैन ।' उनी भन्छन् ।

उनका अनुसार मादलको माग घट्नुमा डेक र मोबाइलको प्रयोग बढ्नु मुख्य कारण हो । पहिले गाउँघरमा मादल बजाउने चलन थियो । अहिले गीतसंगीतका लागि विद्युतीय उपकरणको प्रयोग बढेको छ । मादल बजाउने मानिस नै कम हुँदै गएपछि नयाँ मादल किन्ने ग्राहक घटेका हुन् ।

स्थानीय कालीगढले बनाएका मादललाई अनलाइनबाट आउने मादललेसमेत प्रतिस्पर्धामा पारेको उनको भनाइ छ । बजारमा आकर्षक देखिने मादल पाइए पनि स्थानीय कालीगढले बनाउनेजस्तो खरीको आवाज र गुणस्तर नभएको उनको दाबी छ । उनका अनुसार मादलको वास्तविक आवाज निकाल्न खरी लगाउने सीप महत्त्वपूर्ण हुन्छ । खरी लगाउने र त्यसलाई मिलाउने काममा अनुभव आवश्यक पर्छ ।

मादलको आवाज र गुणस्तर कायम राख्न खरी लगाउने काम महत्त्वपूर्ण हुन्छ । तर त्यसका लागि चाहिने सामग्री जुटाउन सहज छैन । तर मर्मतका लागि पनि नियमित ग्राहक नआउनु मुख्य समस्या हो । अहिले ग्राहकको आवश्यकता परेमात्रै कालीगढले काम पाउने अवस्था छ । मादल बनाउने पेसामा संकट आउनुका पछाडि एउटै कारण छैन । मादलको प्रयोग घट्नु, डेक र मोबाइलको बढ्दो प्रयोग, बजारमा अनलाइनबाट आउने मादलसँगको प्रतिस्पर्धा, कच्चा पदार्थको अभाव र नयाँ पुस्ताको अरु पेसातर्फ आकर्षण यसको प्रमुख कारणका रूपमा देखिएको छ ।

कालीगढका लागि मादल बनाउनु केवल आम्दानीको माध्यममात्रै होइन, पुर्खाबाट सिकेको सीप र जीवन गुजार्ने आधार पनि हो । तर अहिले त्यही पेसाबाट परिवार चलाउन कठिन छ । मादल नेपाली लोकसंस्कृति र चाडपर्वसँग जोडिएको बाजा हो । तर यसलाई बनाउने सीप भएका कालीगढकै पेसा संकटमा पर्दै गएको छ ।

कुनै समय तिहारको सिजनमा कामको चाप थेग्न नसक्ने कालीगढ अहिले ग्राहकको प्रतीक्षामा छन् । यही अवस्था रही रहे मादल बनाउने पेसामात्रै होइन, पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको सीपसमेत हराउँदै जाने चिन्ता कालीगढहरूमा देखिन्छ । *रासस*

परदेशबाट फर्किएर आफ्नै गाउँमा फुलाए सयपत्री

सनम सुवाल/बनेपा

तिहार नजिकिँदै गर्दा बनेपा नगरपालिका-१२ बासडोलका माधव घिमिरेको खेतमा सयपत्री फूल ढकमक्क फुल्न थालेका छन् । पर्वका लागि फूलको माग बढ्ने समय नजिकिएसँगै ५९ वर्षीय घिमिरे फूलको स्याहार र बिक्रीको तयारीमा व्यस्त छन् । परदेशमा १७ वर्ष बिताएर फर्किएका उनले पाँच रोपनीबाट सुरु गरेको फूलखेती अहिले १४ रोपनीमा विस्तार गरेका छन् ।

नौ वर्षअघि स्वदेश फर्किएको दुई-तीन वर्ष खासै काम गरेनन् तर घरमै निष्क्रिय भएर बस्न सहज नलागेपछि आफ्नै ठाउँमा केही गर्नुपर्छ भन्ने सोचले उनले कृषि व्यवसाय रोजे । यसमा परिवारबाट पनि पूर्ण साथ र सहयोग प्राप्त भयो ।

पाँच वर्षअघि कृषि व्यवसाय सुरु गरेका उनले सुरुका दुई वर्ष गोलभेँडा र काँक्रोखेती गरे । तरकारीखेतीबाट अनुभव बटुलेका उनले पछि फूलखेतीको सम्भावना देखे । दसैं र तिहारजस्ता पर्वमा सयपत्री फूलको माग हुने भएकाले त्यसलाई व्यावसायिकरूपमा उत्पादन गर्ने सोच बताए । सोही सोचअनुसार पाँच रोपनी क्षेत्रफलबाट फूलखेती सुरु गरे ।

पहिलो वर्षको उत्पादन र बिक्रीको अनुभवले उनलाई यस व्यवसायमा अघि बढ्न थप हौसला मिल्यो । सुरुमा सीमित क्षेत्रफलमा गरिएको खेतीलाई विस्तार गर्दै अहिले १४ रोपनीमा पुऱ्याएका छन् । उनले जापानी र थाई जातका हाइब्रिड सयपत्री फूल लगाएका छन् । फूलखेतीका लागि बिरुवा रोप्ने काम साउन महिनादेखि सुरु हुन्छ । रोपेको करिब तीन महिनामा फूल बिक्रीका लागि तयार हुने उनले बताए । दसैं र तिहारमा फूलको खपत बढी हुने भएकाले सोही समयलाई लक्षित गरेर खेती व्यवस्थापन गर्दै आएका छन् ।

फूलको मौसम सकिएपछि उनी खेतबारी खाली राख्दैनन् । सयपत्री फूलको बिक्रीको समय सकिएपछि अन्य सागसब्जी तथा तरकारी लगाउने गर्छन् । एउटै खेतीमामात्र निर्भर नभई वर्षभरि जमिनको उपयोग गर्ने उनको अभ्यास छ । घिमिरेको फूलखेतीले उनलाई मात्र होइन, अन्य व्यक्तिलाई पनि रोजगारी दिएको छ । खेतीमा १० जना कामदार संलग्न छन् । फूल रोप्ने, गोडमेल गर्ने, स्याहार गर्ने र टिप्ने काममा उनीहरूको सहयोग लिने गरिएको छ ।



गत वर्ष करिब छ हजार किलो फूल उत्पादन गरेका घिमिरेले बिक्रीबाट खर्च कटाउनुअघि करिब १८ लाख रूपैयाँ आम्दानी गरेको थियो । यस वर्ष पनि फूलको उत्पादन राम्रो भएको उनले बताए । तर उत्पादन राम्रो हुँदैमा आम्दानी सुनिश्चित नहुने उनको अनुभव छ । बजारको माग र मूल्यले किसानको आम्दानी निर्धारण गर्ने भएकाले उनी अहिले फूल बिक्रीको उचित समय पर्खिरहेका छन् ।

यस वर्ष तिहार केही ढिलो परेकाले फूलको बिक्री र मूल्यमा असर पर्न सक्ने उनको अनुमान छ । उत्पादन राम्रो भए पनि तत्कालै सबै फूल बिक्री नगरी तिहारको मुखमा मूल्य बढ्ने आशासहित बजारको अवस्था पर्खिरहेको उनले बताए । यस वर्ष फूलको मूल्य प्रतिकिलो करिब २५० रूपैयाँ पुग्ने उनको अपेक्षा छ । 'उत्पादन राम्रो भएको छ । अब बजारले कस्तो मूल्य दिन्छ भन्ने भोलिको कुरा हो । हतार गरेर फूल बिक्री गरेको छैन । तिहारको मुखमा राम्रो भाउ आउँछ कि भन्ने आशा छ,' उनले भने ।

किसानका लागि उत्पादन गर्नु एउटा पक्ष हो भने उत्पादित वस्तु उचित मूल्यमा बिक्री गर्नु अर्को चुनौती हो । फूलको उत्पादन राम्रो भए पनि बजारमा माग र मूल्य कस्तो हुन्छ भन्ने कुरा पहिल्यै निश्चित गर्न सकिँदैन । पर्वको समयमा एकैपटक धेरै किसानको उत्पादन बजारमा पुग्ने भएकाले मूल्यमा उतारचढाव हुन सक्ने जोखिम रहने उनको अनुभव छ । किसानले उत्पादन गरेको फूलको बजार सुनिश्चित हुनसके व्यवसायलाई थप व्यवस्थित बनाउन सहज हुने उनले बताए ।

स्वदेशमै फूल उत्पादन भइरहेका बेला विदेशबाट फूल आयात हुने गरेकोप्रति उनको असन्तुष्टि छ । नेपाली किसानले उत्पादन गरेका फूललाई प्राथमिकता दिनसके स्वदेशी उत्पादनको बजार विस्तार हुने र किसानलाई थप

> फूलखेतीका लागि बिरुवा रोप्ने काम साउन महिनादेखि सुरू हुन्छ । रोपेको करिब तीन महिनामा फूल बिक्रीका लागि तयार हुने उनले बताए । दसैं र तिहारमा फूलको खपत बढी हुने भएकाले सोही समयलाई लक्षित गरेर खेती व्यवस्थापन गर्दै आएका छन् ।

प्रोत्साहन मिल्ने उनले भने । विशेषगरी तिहारका बेला स्वदेशी फूलको माग र खपत बढाउनसके स्थानीय किसानले उत्पादन गरेको फूलले बजार पाउने उनको अपेक्षा छ । 'स्वदेशमै उत्पादन भएका फूललाई प्राथमिकता दिएर विदेशबाट फूल आयात नगर्ने हो भने किसानलाई धेरै राहत हुन्थ्यो,' उनले भने ।

विदेशमा लामो समय बिताएर फर्किएका घिमिरे अहिले आफ्नै गाउँमा कृषि व्यवसायमा रमाएका छन् । उनका लागि फूलखेती आम्दानीको माध्यममात्र बनेको छैन, काम गर्ने इच्छा र अनुभवलाई आफ्नै माटोमा उपयोग गर्ने अवसरसमेत बनेको छ । फूलको मौसममा सयपत्री र अन्य समयमा सागसब्जी तथा तरकारी उत्पादन गर्दै उनले वर्षभरि खेतबारीलाई व्यस्त राखेका छन् ।

कृषि व्यवसायलाई निरन्तरता दिँदै आएका उनी अहिले उत्पादनसँगै बजारको अवस्थालाई पनि उत्तिकै महत्त्व दिन्छन् । मिहेनत गरेर उत्पादन गरेको फूलले उचित मूल्य पाउनसके किसानलाई यस क्षेत्रमा टिकिरहन सहज हुने उनको विश्वास छ । स्वदेशमै उत्पादन र बजारीकरणको वातावरण बन्न सके पुष्पखेतीले किसानको आम्दानी बढाउनुका साथै स्थानीयस्तरमा रोजगारी सिर्जना गर्न सक्ने उनको अनुभव छ । *रासस*

चुमनुब्रीमा नुनको मूल्य प्रतिकिलो २०० रूपैयाँ

■ प्रतीक्षा आले



गोरखा– बजारमा प्रतिकिलो ३० देखि ३५ रूपैयाँसम्ममा पाइने नुन गोरखाको उत्तरी भेगका विकट गाउँमा भने २०० रूपैयाँसम्म पर्छ । सडक सञ्जालको पहुँच नहुँदा ढुवानीमा लाग्ने चर्को खर्चका कारण चुमनुब्री गाउँपालिकाका बासिन्दाले दैनिक उपभोग्य वस्तुका साथै नुनसमेत महँगो मूल्यमा किन्नुपर्ने बाध्यता छ ।

नेपालमा नुनको आपूर्ति गर्दै आएको साल्ट ट्रेडिङ कर्पोरेसनले आयो नुनको मूल्य प्रतिकिलो २६ रूपैयाँ, न्यु शक्ति नुनको २० रूपैयाँ र भानु नुनको नौ रूपैयाँ तोकेको छ । तर, हिमालपारिको चुमनुब्री गाउँपालिकाका विभिन्न बस्तीमा आयो नुनको मूल्य प्रतिप्याकेट ६० रूपैयाँदेखि २०० रूपैयाँसम्म पर्ने गरेको छ । गाउँ जति विकट छ, नुनको मूल्य पनि त्यति नै बढी छ ।

मनास्लु क्षेत्रअन्तर्गत तिब्बती सीमावर्ती सामागाउँ र साम्दोमा प्रतिप्याकेट आयो नुनको मूल्य २०० रूपैयाँ पर्छ । तल्लो क्षेत्रमा ३० रूपैयाँमा पाइने एक प्याकेट नुन साम्दोसम्म पुऱ्याउन ढुवानीमै १०० रूपैयाँ खर्च हुने स्थानीय निमा दोर्जेले बताए ।

'पाङसिङबाट साम्दोसम्म एकपोका नुन ल्याउँदा ढुवानी भाडामात्रै १०० रूपैयाँ पर्छ । आरुघाट र आर्खेटबाट पाङसिङसम्मको ढुवानी खर्च छुट्टै छ । त्यसपछि पसलेले पाँचदेखि १० रूपैयाँ नाफा राख्दा एक पोका नुनको मूल्य २०० रूपैयाँ पुग्छ,' उनले भने ।

सामागाउँभन्दा केही तल वडा नं २ को ल्हो गाउँमा खाद्यान्न ढुवानी भाडा प्रतिकिलो ८० रूपैयाँ पर्ने भएकाले एक प्याकेट आयोनुनको मूल्य १५० रूपैयाँ पर्ने गरेको छ । गाउँपालिका-५ बिहीमा भने प्रतिप्याकेट १०० रूपैयाँमा नुन पाइने स्थानीय काल्देन छेवाङले बताए ।

'पाङसिङदेखि बिहीसम्म खच्चडबाट सामान ढुवानी गर्दा हिउँदमा प्रतिकिलो २५ रूपैयाँ भाडा लाग्छ । त्यतिबेला नुनको मूल्य १०० रूपैयाँ पर्छ,' उनले भने, 'वर्षायाममा ढुवानी भाडा प्रतिकिलो ७० रूपैयाँसम्म पुग्छ । त्यसअनुसार सामानको मूल्य पनि बढ्छ ।' वडा नं ४ प्रोकमा पनि ढुवानी खर्चका आधारमा प्रतिकिलो नुनको मूल्य १०० रूपैयाँदेखि १७० रूपैयाँसम्म पर्ने स्थानीयवासीले बताएका छन् ।

त्यस्तै, चुम उपत्यकाका अन्तिम बस्ती छुले र निलेका बासिन्दाले एक प्याकेट आयोनुनको १८० रूपैयाँदेखि २०० रूपैयाँसम्म तिर्ने गरेका छन् । पाङसिङबाट डेढदेखि दुई दिनको पैदल दूरीमा रहेका ती बस्तीमा खच्चडबाट सामान ढुवानी गर्दा प्रतिकिलो ६० रूपैयाँ भाडा लाग्ने गरेको छ । त्यहाँबाट केही वर रहेको लामागाउँसम्म ५५ रूपैयाँ र छेकम्पारको छेकम गाउँसम्म प्रतिकिलो ५० रूपैयाँ ढुवानी भाडा पर्ने लामागाउँका पासाङ फुञ्जो लामाले जानकारी दिए । छेकम्पारका गाउँबस्तीमा एक प्याकेट आयो नुनको मूल्य १५० रूपैयाँ पर्छ ।

गाउँपालिका-६ चुम्लिङमा भने एक प्याकेट आयो नुनको १०० रूपैयाँ पर्ने स्थानीय गोपाल लामाले बताए । उनका अनुसार पाङसिङबाट चुम्लिङसम्म खाद्यान्न ढुवानी गर्दा प्रतिकिलो ३० रूपैयाँ भाडा लाग्छ ।

सरकारले विकट हिमाली क्षेत्रका बासिन्दालाई सहुलियत दरमा नुन उपलब्ध गराउन ढुवानी अनुदान कार्यक्रम सञ्चालन गर्दै आएको छ । उक्त कार्यक्रमको व्यवस्थापनको जिम्मेवारी साल्ट ट्रेडिङ कर्पोरेसनले पाएको छ । कर्पोरेसनले चालु आर्थिक वर्षमा उत्तरी गोरखाको सिर्दिबासका लागि ३५० क्विन्टल आयो नुन पठाएको कर्पोरेसनका गण्डकी प्रदेश प्रमुख सागर सेरचनले जानकारी दिए ।

'उत्तरी गोरखाको मागअनुसार कर्पोरेसनले आयो नुन पठाउँछ । हामीले यहाँबाट प्रतिकिलो २८ रूपैयाँका दरले नुन पठाएका हुन्छौं,' उनले भने, 'पोखराबाट सिर्दिबाससम्म नुन ढुवानी गर्ने ठेकेदारलाई सरकारले ढुवानी खर्च उपलब्ध गराउँछ ।'

सरकारले ढुवानी अनुदान दिएर पठाएको नुन उत्तरी गोरखाका सबै विकट बस्तीमा पुग्न सकेको छैन । अनुदानको नुन सिर्दिबास क्षेत्रमै खपत हुने गरेको चुमनुब्री गाउँपालिका-७ छेकम्पारका पासाङफुञ्जो लामाले बताए ।

'सरकारले जगतसम्म नुन पुऱ्याउन ढुवानी अनुदान दिन्छ । त्यहाँबाट सामागाउँ र साम्दो पुग्न चार दिन तथा छेकम्पार पुग्न तीन दिन लाग्छ । त्यसैले हामीले चर्को खच्चड ढुवानी भाडा तिर्नैपर्छ,' उनले भने ।

नेपाली सेनाले गाउँपालिकाको केन्द्र फिलिमदेखि केही माथि पेवासम्म सडकको ट्रयाक खोलेको छ । तर, मोटर भने पाङसिङसम्म मात्रै पुगेको छ । बेनिघाट-आरुघाट-लार्के सडकअन्तर्गत हावाडाँडादेखि चीनको सीमास्थित लार्के भञ्ज्याङसम्म सडकको ट्रयाक खोल्ने जिम्मा सेनाले पाएको छ । बजेट अभाव र स्रोत सुनिश्चितताको समस्याका कारण सडक निर्माणले गति लिन सकेको छैन । फलस्वरूप चुमनुब्री गाउँपालिका-३ सिर्दिबासबाहेक अन्य छ वटा वडा अझै सडक सञ्जालको पहुँचबाट टाढा छन् ।

सडक पुगेको गाउँपालिकाको केन्द्र फिलिम र आसपासका क्षेत्रमा पनि प्रतिप्याकेट ३० रूपैयाँ पर्ने आयोनुनको मूल्य ६० रूपैयाँ पर्ने स्थानीय कुमारी गुरुङले बताइन् । आर्खेटबाट फिलिमसम्म खाद्यान्न आइपुग्दा ढुवानी खर्चका कारण मूल्य बढ्ने गरेको उनको भनाइ छ ।

मोटर पुगेको वडा नं ३ पाङसिङभन्दा माथिका बस्तीमा खाद्यान्न ढुवानीको मुख्य साधन खच्चड हो । खच्चडबाट मनास्लु क्षेत्रको अन्तिम बस्ती सामागाउँ र साम्दोसम्म खाद्यान्न पुऱ्याउँदा प्रतिकिलो १०० रूपैयाँ ढुवानी भाडा लाग्ने सामागाउँका व्यवसायी वीरबहादुर लामाले जानकारी दिए । उनका अनुसार तीन दिनको पैदलयात्रापछि गाउँमा पुग्ने खाद्यान्नको ढुवानी खर्च प्रतिकिलो १०० रूपैयाँ पर्छ । *रासस*

हराउँदै 'फेरी'को भाका, परम्परा धान्दै अर्जुन



भोजपुर– पुर्खौंदेखि चलिआएको परम्परागत 'फेरी' लगाउने पेसा लोप हुने अवस्थामा पुगेपछि भोजपुरका अर्जुन जोगी यसको संरक्षणमा जुटेका छन् । आधुनिक जीवनशैली र बदलिँदो सामाजिक परिवेशका कारण परम्परागत पेसाप्रति आकर्षण घट्दै गएपछि उनले आफ्नो पुर्ख्यौंली पेसालाई निरन्तरता दिँदै आएको हो ।

भोजपुरको अरुण गाउँपालिका-१ याङपाङ निवासी जोगीले विगत दुई दशकदेखि कात्तिक, चैत र साउन महिनामा गाउँघर घुमेर रातको समयमा फेरी लगाउँदै आएको छ । उनले एक महिनामा करिब २० देखि २५ दिनसम्म फेरी लगाउँदै गाउँबस्ती डुल्ने गरेको बताए ।

परम्परागतरूपमा फेरी लगाउँदा गाउँघरमा सुख, शान्ति, समृद्धि र परिवारको कल्याण हुने धार्मिक विश्वास रहँदै आएको छ । फेरी लगाउने जोगीले रातको समयमा घरघरमा पुगेर मन्त्रसहित परम्परागत विधिअनुसार फेरी लगाउने प्रचलन छ । यसलाई स्थानीयले धार्मिक आस्था र सांस्कृतिक परम्पराका रूपमा लिने गरेका छन् ।

फेरी लगाउन गाउँघर पुग्ने जोगीलाई स्थानीयवासीले चामल, धान, मकै, कोदो, नगद तथा अन्य अन्नपात दिने परम्परा रहेको छ । आफ्नो गच्छेअनुसार सामग्री दिने प्रचलनले फेरी लगाउने जोगीको जीविकोपार्जनमा सहयोग पुग्ने गरेको छ । फेरी लगाउने र सामग्री दिने चलनले गाउँघरमा परम्परागत धार्मिक तथा सांस्कृतिक सम्बन्धलाई निरन्तरता दिँदै आएको छ ।

स्थानीय परम्परा र संस्कृतिसँग जोडिएको फेरी लगाउने पेसा विगतमा धेरैले अपनाउने गरेका थिए । याङपाङमा कुनै समय १८ देखि २० घरपरिवारले फेरी लगाउने पेसा गर्दै आएको भए पनि अहिले घटेर दुई जनामा सीमित भएको जोगीले बताए ।

पुर्खौंदेखि चलिआएको यो पेसाको संरक्षण तथा स्थानीय मौलिक संस्कृति, परम्पराको जगेर्नासँगै नयाँ पुस्तासम्म पुऱ्याउने उद्देश्यले यसको निरन्तरताका लागि आफूले प्रयास गरिरहेको उनको भनाइ छ ।

समयक्रमसँगै नयाँ पुस्ता परम्परागत पेसाबाट टाढिँदै गएको अवस्थामा फेरी लगाउने चलन संकटमा पर्दै गएको उनको भनाइ छ । पहिले गाउँघरमा व्यापकरूपमा प्रचलनमा रहेको यो परम्परा अहिले सीमित व्यक्तिलेमात्र धान्दै आएका छन् । परम्परागत पेसा र संस्कृतिको संरक्षणका लागि नयाँ पुस्तामा यसको महत्त्व बुझाउन आवश्यक रहेको उनले बताए । *रासस*

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रार कार्यालय

कम्पनीको दर्ता खारेज गरीएको सूचना

यस कार्यालयमा मिति २०७२/१०/२१ मा दर्ता भएको प्रा.लि.नं. १४४८८५ को सगुन ग्याजेट्स हाउस प्राइभेट लिमिटेड नामक कम्पनी यस कार्यालयको मिति २०८३/०७/१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना

यस कार्यालयमा मिति २०७१/१०/०४ मा दर्ता भएको **इनर्जी सिम्प्लिफाइड प्राइभेट लिमिटेड (प्रा. लि. नं. १३११५१)** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना

यस कार्यालयमा मिति २०६६/१०/२१ मा दर्ता भएको **पोखरा म्यूजिक प्राइभेट लिमिटेड (प्रा. लि. नं. ७०२७६)** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना

यस कार्यालयमा मिति २०७६/०८/०७ मा दर्ता भएको **सुनगाभा इन्भेष्टमेन्ट प्राइभेट लिमिटेड (प्रा. लि. नं. ८८०७५)** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

युएइमा रोजगार कम्पनी : **Bravo Design**

पूर्व स्वीकृति मिति : २०८३/०७/१८ | LT. No. 350212 | चलानी नं. ६०१६३१३१

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब QR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Assistant, Cabinet-Maker	2	0	1500	६१,६३७	का.नि. अनुसार	८ घण्टा	६ दिन	का.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौं मिति: २०८३ कात्तिक २८ गते (14th Nov. 2026) मा हुनेछ ।

रहदेना गरिने पि मेडिकल खर्च गरेको अगै र पछि भने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	रहदेना गरिने बिमा खर्च गरेको रहेछौं र पछि लाग्ने	रोजगारका बिमा हुने/नहुने र गरेको रहेछौं	हवाई टिकट गरेको दिने र पछि लाग्ने	भिषा शुल्क गरेको दिने र पछि लाग्ने	सामाजिक सुरक्षा कोष गरेको दिने र पछि लाग्ने (रासस्चक्ष)	कल्याणकारी कोष सम्बन्धि व्यहरुमा:	सेवा शुल्क	अभिमुखिकरण शुल्क पछि लाग्ने र गरेको रहेछौं	भिषा रद्दीफट शुल्क गरेको रहेछौं
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९ / - कामदारले तिर्ने	रु. १,२०० / - कामदार आफैले	निःशुल्क		रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आइजने नागमा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २। आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कहिलाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३। यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई माँग्नुहोला । ४। विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५। विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने पेसा, सुविधा र अन्य शर्तबारे राम्री पहेंर माग सम्बोतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६। काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७। यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहाचपलमा सम्पर्क गर्नुहोला ।

ASIA LINK SERVICES PVT. LTD.
Bansbari, Kathmandu, Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com

युएइमा रोजगार कम्पनी : **PRESTIGE PACKING INDUSTRY LLC**

पूर्व स्वीकृति मिति : २०८३/०६/३० | LT. No. . 349456 | चलानी नं. ६०१६३१५३

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Factory Worker	7	0	1000	४१,९८३	का.नि. अनुसार	८ घण्टा	६ दिन	का.नि. अनुसार	छ		२ वर्ष
2	Packers	6	0	1000	४१,९८३							
3	FACTORY MACHINE TOOLS TECHNICIAN	7	0	1500	६१,७७५							

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौं मिति : २०८३ कात्तिक २८ गते (14th Nov. 2026) मा हुनेछ ।

रहदेना गरिने पि मेडिकल खर्च गरेको अगै र पछि भने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	रहदेना गरिने बिमा खर्च गरेको रहेछौं र पछि लाग्ने	रोजगारका बिमा हुने/नहुने र गरेको रहेछौं	हवाई टिकट गरेको दिने र पछि लाग्ने	भिषा शुल्क गरेको दिने र पछि लाग्ने	सामाजिक सुरक्षा कोष गरेको दिने र पछि लाग्ने (रासस्चक्ष)	कल्याणकारी कोष सम्बन्धि व्यहरुमा:	सेवा शुल्क	अभिमुखिकरण शुल्क पछि लाग्ने र गरेको रहेछौं	भिषा रद्दीफट शुल्क गरेको रहेछौं
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९ / - कामदारले तिर्ने	रु. १,२०० / - कामदार आफैले	१०,०००/ -		रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आइजने नागमा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २। आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कहिलाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३। यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई माँग्नुहोला । ४। विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५। विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने पेसा, सुविधा र अन्य शर्तबारे राम्री पहेंर माग सम्बोतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६। कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७। यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहाचपलमा सम्पर्क गर्नुहोला ।

NEPAL WORLD OVERSEAS PVT.LTD
LIC No. 1682/080/081
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, Contact Person Name : Tul Bahadur Bhujel
Contact No : +977 976-3689919 (WhatsApp) E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com

साउदीमा रोजगार कम्पनी : **SALMAN ABDULLAH ABDULRAHMAN AL-ATALLAH TRANSPORTATION COMPANY**

पूर्व स्वीकृति मिति : २०८३/०७/२० | LT. No. 350319 | चलानी नं. ६०१६३१७१

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	HEAVY DRIVER TRAILER	4	0	1800	७२,५२७	का.नि. अनुसार	८ घण्टा	६ दिन	का.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौं मिति : २०८३ कात्तिक २८ गते (14th Nov. 2026) मा हुनेछ ।

रहदेना गरिने पि मेडिकल खर्च गरेको अगै र पछि भने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	रहदेना गरिने बिमा खर्च गरेको रहेछौं र पछि लाग्ने	रोजगारका बिमा हुने/नहुने र गरेको रहेछौं	हवाई टिकट गरेको दिने र पछि लाग्ने	भिषा शुल्क गरेको दिने र पछि लाग्ने	सामाजिक सुरक्षा कोष गरेको दिने र पछि लाग्ने (रासस्चक्ष)	कल्याणकारी कोष सम्बन्धि व्यहरुमा:	सेवा शुल्क	अभिमुखिकरण शुल्क पछि लाग्ने र गरेको रहेछौं	भिषा रद्दीफट शुल्क गरेको रहेछौं
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९ / - कामदारले तिर्ने	रु. १,२०० / - कामदार आफैले	निःशुल्क		रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आइजने नागमा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २। आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कहिलाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३। यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई माँग्नुहोला । ४। विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५। विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने पेसा, सुविधा र अन्य शर्तबारे राम्री पहेंर माग सम्बोतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६। कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७। यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहाचपलमा सम्पर्क गर्नुहोला ।

Synnet International Pvt. Ltd. License No.: 206/077/078
SYNNET INTERNATIONAL PVT.LTD.
Jagaran Marga, Maharajgunj, Kathmandu, Nepal, Tel: 01- 5445018, Mob: 9841591817
E-mail : info@synnetinternational.com, Web: synnetinternational.com
ISO 9001: 2008 Certified Company | Certified No. 70902

युएइमा रोजगार कम्पनी : **SYMBOL MATTRESS INDUSTRIES - L.L.C**

पूर्व स्वीकृति मिति : २०८३/०७/२० | LT. No. 350228 | चलानी नं. ६०१६३१९२

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब QR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Factory Worker	8	0	1000	४०,८९१	का.नि. अनुसार	८ घण्टा	६ दिन	का.नि. अनुसार	छ		२ वर्ष
2	FILING CLERK/ARCHIVE CLERK	1	0	1000	४०,८९१							
3	Mattress Upholsterer	3	0	1500	६१,३३७							
4	PACKAGING OPERATOR	3	0	1500	६१,३३७							
5	Packers	3	0	1000	४०,८९१							
6	Sales Officer	1	0	1500	६१,३३७							
7	stevedores	4	0	1000	४०,८९१							
8	Tailor	2	0	1500	६१,३३७							

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौं मिति : २०८३ कात्तिक २८ गते (15th Nov. 2026) मा हुनेछ ।

रहदेना गरिने पि मेडिकल खर्च गरेको अगै र पछि भने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	रहदेना गरिने बिमा खर्च गरेको रहेछौं र पछि लाग्ने	रोजगारका बिमा हुने/नहुने र गरेको रहेछौं	हवाई टिकट गरेको दिने र पछि लाग्ने	भिषा शुल्क गरेको दिने र पछि लाग्ने	सामाजिक सुरक्षा कोष गरेको दिने र पछि लाग्ने (रासस्चक्ष)	कल्याणकारी कोष सम्बन्धि व्यहरुमा:	सेवा शुल्क	अभिमुखिकरण शुल्क पछि लाग्ने र गरेको रहेछौं	भिषा रद्दीफट शुल्क गरेको रहेछौं
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९ / - कामदारले तिर्ने	रु. १,२०० / - कामदार आफैले	निःशुल्क		रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आइजने नागमा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २। आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कहिलाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३। यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई माँग्नुहोला । ४। विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५। विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने पेसा, सुविधा र अन्य शर्तबारे राम्री पहेंर माग सम्बोतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६। कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७। यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहाचपलमा सम्पर्क गर्नुहोला ।

NEPAL WORLD OVERSEAS PVT.LTD
LIC No. 1682/080/081
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, Contact Person Name : Tul Bahadur Bhujel
Contact No : +977 976-3689919 (WhatsApp) E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com

मलेसियामा रोजगार कम्पनी : **BUMI TUNGGAL HOLDINGS SDN. BHD.**

पूर्व स्वीकृति मिति : २०८३/०३/१६ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०७/२० | LT. No. 344774 | चलानी नं. ६०१५८०८०

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब RM	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Commerical Cleaners	24	0	1700	६२,८८०	का.नि. अनुसार	८ घण्टा	६ दिन	का.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौं मिति : २०८३ कात्तिक २९ गते (15th Nov. 2026) मा हुनेछ ।

रहदेना गरिने पि मेडिकल खर्च गरेको अगै र पछि भने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	रहदेना गरिने बिमा खर्च गरेको रहेछौं र पछि लाग्ने	रोजगारका बिमा हुने/नहुने र गरेको रहेछौं	हवाई टिकट गरेको दिने र पछि लाग्ने	भिषा शुल्क गरेको दिने र पछि लाग्ने	सामाजिक सुरक्षा कोष गरेको दिने र पछि लाग्ने (रासस्चक्ष)	कल्याणकारी कोष सम्बन्धि व्यहरुमा:	सेवा शुल्क	अभिमुखिकरण शुल्क पछि लाग्ने र गरेको रहेछौं	भिषा रद्दीफट शुल्क गरेको रहेछौं
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९ / - कामदारले तिर्ने	रु. १,२०० / - कामदार आफैले	निःशुल्क		रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आइजने नागमा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २। आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कहिलाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३। यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई माँग्नुहोला । ४। विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५। विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने पेसा, सुविधा र अन्य शर्तबारे राम्री पहेंर माग सम्बोतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६। कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७। यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहाचपलमा सम्पर्क गर्नुहोला ।

Govt. License 1723/081/082
Sultan Gulf Overseas Pvt. Ltd.
Tokha-10, Kathmandu, Tel: + 977-01-5922873, Mobile No. 9840072590 Bashista Bhat, Email: sultangulfoverseas1723@gmail.com

कुवेतमा रोजगार कम्पनी : **LAMST BANATI LADIES BEAUTY SALOON COMPANY**

पूर्व स्वीकृति मिति : २०८३/०७/२० |

प्रभाव दैनिक
National Daily

अर्थ बजार

आजको मूल्य

छापावाला सुन	तेजाबी सुन	चाँदी
प्रति तोला -	प्रति तोला -	प्रति तोला -
२,८३,०००	०	३,८१०





लगानी तथा पूर्वाधारसम्बन्धी कानुन संशोधनबारे छलफल



■ प्रभाव संवाददाता

काठमाडौं– सरकारले लगानी तथा पूर्वाधार क्षेत्रमा देखिएका कानुनी जटिलता हटाउन प्रस्ताव गरेको विधेयकको मस्यौदामाथि निजी क्षेत्रका प्रतिनिधि तथा सरोकारवालासँग छलफल गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले 'लगानी तथा पूर्वाधारसम्बन्धी केही नेपाल ऐन संशोधन गर्न विधेयक' को मस्यौदामाथि शुक्रबार सरोकारवालासँग छलफल आयोजना गरेको हो ।

सिंहदरबारस्थित कार्यालयमा आयोजित छलफलमा प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाह, कानुन सचिव पुष्कर सापकोटा, प्रधानमन्त्रीका नीति, प्रशासन तथा सुशासन सल्लाहकार सुदिप ढकाल, सांसद तथा नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स र होटल एसोसिएसन अफ नेपाललगायत निजी क्षेत्रका प्रतिनिधिहरू सहभागी थिए ।

छलफलमा कानुन सचिव सापकोटाले संशोधनका लागि पहिचान गरिएका ५९ वटा ऐनका ४७४ बुँदाबारे प्रस्तुतीकरण गरेका थिए । त्यस अवसरमा सहभागी सरोकारवालाले क्षेत्रगत रूपमा कानुन संशोधनका लागि मौखिक सुझाव दिएको सचिव सापकोटाले जानकारी दिए । छलफलमा सहभागीहरूले थप सुझाव लिखित रूपमा पनि उपलब्ध गराउने बताएको सापकोटाको भनाइ छ ।

सहभागीबाट प्राप्त सुझावका आधारमा आवश्यक कानुन संशोधनका लागि सम्बन्धित मन्त्रालयमा पठाइने छ । आगामी मङ्सिर २३ र २४ गते आयोजना हुने सार्वजनिक-निजी साझेदारीमा नेपाल पूर्वाधार सम्मेलनको पूर्वसन्ध्यामा छलफल आयोजना गरिएको हो ।

तनहुँ जलविद्युत् आयोजनाको विद्युत्गृह निर्माण अन्तिम चरणमा

■ प्रभाव संवाददाता

दमौली– तनहुँको ऋषिङ गाउँपालिका-१ मा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको भूमिगत विद्युतगृहसहितका प्रमुख संरचना निर्माणको काम अन्तिम चरणमा पुगेको छ । आयोजनाको प्याकेज-२ अन्तर्गत विद्युतगृह, सुरुङ तथा सम्बन्धित उपकरण जडानको काम झन्डै ८० प्रतिशत सम्पन्न भएको हो ।

प्याकेज-२ को निर्माण चीनको सिनो हाइड्रो कर्पोरेसनमार्फत भइरहेको छ । आयोजना प्रमुख श्यामजी भण्डारीका अनुसार भूमिगत संरचना निर्माणका लागि आवश्यक उत्खननकार्य सम्पन्न भइसकेको छ भने अधिकांश संरचनाको सिभिल निर्माण पूरा भएको छ ।

भूमिगत विद्युतगृह, टेलरेस सुरुङ, केबल सुरुङ, सर्ज साफ्ट, इन्टेक तथा ड्राफ्टट्युब सुरुङ र पेनस्टकको ब्याकफिल कङ्क्रिटिङलगायत प्रमुख संरचनामा उत्खनन तथा कङ्क्रिटिङको काम करिब सम्पन्न भएको छ । मुख्य सुरुङको कङ्क्रिट लाइनिङकार्य अन्तिम चरणमा पुगेको आयोजना प्रमुख भण्डारीले जानकारी दिए ।

भूमिगत विद्युतगृहमा विद्युत् उत्पादनका लागि आवश्यक उपकरण जडानको काम अघि बढेको छ । विद्युतगृहमा जेनेरेटर, टर्बाइन, सिसीटिभी, ट्रान्सफर्मरलगायत इलेक्ट्रोमेकानिकल उपकरण जडान तथा परीक्षण भइरहेको उनले बताए ।

त्यसैगरी, वातावरणीय बहावका लागि निर्माण गरिने विद्युतगृह र बाँध सञ्चालन भवनको निर्माण जारी रहेको छ । भूमिगत विद्युतगृह तथा सुरुङका अधिकांश सिभिल संरचना निर्माण सम्पन्न हुँदै गर्दा उपकरण जडान र परीक्षणलाई पनि सँगसँगै अघि बढाइएको आयोजनाले जनाएको छ ।

प्याकेज-२ अन्तर्गतका यी संरचना तथा उपकरण निर्माणको काम सम्पन्न भएपछि आयोजनाको विद्युत् उत्पादन प्रणाली सञ्चालनका लागि आवश्यक पूर्वाधार तयार हुनेछ ।

तिहारअघि सामान्य बढेर बन्द भयो सेयर बजार

■ प्रभाव संवाददाता

काठमाडौं– तिहारको पूर्वसन्ध्यामा शुक्रबार सेयर बजार बढेर बन्द भएको छ । नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक २.६४ अंक बढेर २६५५.२२ विन्दुमा पुगेको छ ।

सेन्सेटिभ इण्डेक्स १.१८ अंक, फ्लोट इण्डेक्स ०.५३ अंक र सेन्सेटिभ फ्लोट इण्डेक्स ०.६८ अंक बढेको छ । १३ मध्ये १२ उपसमूहको परिसूचक बढेको छ । अन्य उपसमूहबाहेक सबै उपसमूहको परिसूचक सामान्य अंक बढेको हो । नेप्से बढे पनि कारोबार रकम भने घटेको छ । बिहीबार चार अर्ब ७२ करोड रूपैयाँबराबरको सेयर खरिदबिक्री भएको थियो । तीन अर्ब ४६ करोड २० लाख ५९ हजार रूपैयाँबराबरको एक करोड सात लाख १३ हजार कित्ता सेयर खरिदबिक्री भएको छ ।



घोराही सिमेन्ट इण्डष्ट्री कम्पनीको २१ करोड ६३ लाख रूपैयाँबराबरको सेयर कारोबार भएको छ । श्वेत गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सनको कारोबार रकम साढे १२ करोड रूपैयाँ ररिलायन्स स्पिनिङ मिल्सको करिब १२ करोड रूपैयाँको सेयर किनबेच भएको छ ।

क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्सको सेयरमूल्य १४.०८ प्रतिशत बढेको छ । बेनी हाइड्रोपावर प्रोजेक्टको सेयरमूल्य साढे ५ प्रतिशतभन्दा बढी बढेको छ ।

ग्लोबल आइएमईको कर्पोरेट भवन उत्तरढोकामा बन्ने

■ प्रभाव संवाददाता

काठमाडौं– ग्लोबल आइएमई बैंक लिमिटेडले काठमाडौंको उत्तरढोकामा आफ्नो अत्याधुनिक कर्पोरेट भवन निर्माणको काम अघि बढाएको छ ।

शुक्रबार निर्माणस्थलमा आयोजित एक समारोहबीच बैंक सञ्चालक समितिका अध्यक्ष चन्द्रप्रसाद ढकाल र प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीले विधिपूर्वक जगको पूजा (भूमिपूजा) गरेर भवन निर्माणको औपचारिक शिलान्यास गरेका हुन् ।

करिब एक लाख ४६ हजार वर्गफिटमा फैलिने यो भवन कुल १२ तलाको हुनेछ । जसमा गाडी पार्किङका लागि दुई तलाको भूमिगत बेसमेन्ट, एउटा ग्राउन्ड फ्लोर र माथि नौ वटा तला रहनेछन् । वातावरणमैत्री पूर्वाधार, आधुनिक वास्तुकला र अत्याधुनिक प्रविधि समेटेर बैंकले यसलाई उपत्यकाकै नमुना व्यावसायिक भवनका रूपमा उभ्याउन खोजेको छ ।

भूमिपूजापछि बोल्दै बैंकका अध्यक्ष ढकालले यो भवन वाणिज्य बैंकहरूका कर्पोरेट कार्यालयमध्य सबैभन्दा आधुनिक र ठूलो संरचना हुने बताए । नयाँ भवन अत्याधुनिक तथा सुविधासम्पन्न हुनुका साथै



काठमाडौं उपत्यकाको एउटा नमूना (आइकन) भवन बन्नेछ, उनले भने । उनले अत्याधुनिक भवन निर्माणसँगै सेवाग्राहीलाई बैंकको सेवा अझ सहज, प्रविधिमैत्री र प्रभावकारी हुने बताए ।

त्यस्तै प्रमुख कार्यकारी अधिकृत रेग्मीले बैंकका सेवाग्राही तथा कर्मचारीलाई ध्यानमा राखेर पार्किङदेखि भित्री संरचनासम्म आधुनिक इन्जिनियरिङलाई प्राथमिकता दिएको बताए । उनले भवनलाई पूर्णतः ऊर्जा बचत गर्ने शैलीमा ढाल्न लागिएको, पानीको समस्या नहोस् भनेर आकाशे पानी सङ्कलन तथा प्रशोधन गर्ने प्रणाली र विद्युत् खपत घटाउन सौर्य ऊर्जा (सोलार) जडान गरिने र यसबाट प्राकृतिक स्रोतको सही उपयोग हुनुका साथै वातावरणीय सन्तुलनमा पनि सघाउ पुग्ने बैंकको विश्वास रहेको बताए ।

उक्त अवसरमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेलसहित उच्च व्यवस्थापन समूह तथा कर्मचारीको उपस्थिति रहेको थियो ।

ग्लोबल आइएमई बैंक मुलुकका सबै ७७ जिल्लामा आफ्नो सञ्जाल विस्तार गर्न सफल पहिलो निजी क्षेत्रको वाणिज्य बैंक हो । बैंकले हाल ३४१ शाखा, ३६६ एटीएम, १३६ शाखारहित बैंकिङ केन्द्र, ६९ एक्सटेन्सन तथा राजस्व सङ्कलन काउन्टर र तीन वटा विदेशस्थित प्रतिनिधि कार्यालयसहित एक हजारभन्दा बढी सेवा केन्द्रमार्फत सेवा प्रदान गदै आइरहेको छ ।

उद्घाटनको चार वर्षपछि सञ्चालनमा आउँदै बुटवलस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र

■ दामोदर खनाल

बुटवल– बुटवलमा निर्माण सम्पन्न भई लामो समयदेखि संचालनमा आउन नसकेको बुटवल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको स्वामित्व र सञ्चालन जिम्मेवारी विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समितिलाई औपचारिक रूपमा हस्तान्तरण गरिएपक्षात संचालनमा ल्याउन तयारी सुरू भएको छ ।

अन्तरास्ट्रिय सम्मेलन केन्द्र नियमित संचालनमा कसरी ल्याउने भन्ने बिषसमा हालै मनोनित भएका बिशिष्ट संरचना संचालन तथा व्यवस्थापन बिकास समितिका कार्यकारी निर्देशक धर्मराज खड्काले सभाहलमा स्थानिय उद्योगी व्यवसायी स्थानिय सरोकारवाला र संचारकर्मि सग छलफलका क्रममा पारदर्शिता, सेवाग्राही सन्तुष्टि र स्रोतसाधनको अधिकतम उपयोगसहित सञ्चालनमा ल्याउने तयारी भईरहेको जानकारी दिए । खड्काले यो सभाहललाई अन्तर्राष्ट्रिय स्तरको सेवा दिन सकिने गरि तयारी भईरहेको बताउदै राज्य, निजि क्षेत्र र सेवाग्राहीहरूले पनि जित्ने गरि थ्रिपिवानडव्लु मोडलू तयार भईरहेको जानकारी दिए ।

केही संरचना मल्टि प्रपोज बिजनेशको बनाईने, लाईब्रेरी कफि सप, म्युजियम लगात बाहिरी परिसरमा राखिने र सबैको सहज पहुँचमा हुने पनि उनले जानकारी दिए । 'यो



अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र अब बुटवलको मुटुको धड्कन बन्ने गरि योजना तयारीमा लागेका छौं । यहाको आर्थिक, सामाजिक, क्रियाकलापको अभिन्न अंग बन्ने' समेत खड्काले दाबी गरे ।

रूपन्देहीको बुटवलस्थित बुटवल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको स्वामित्व तथा सञ्चालन जिम्मेवारी औपचारिक रूपमा विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समितिलाई कार्तिक १२ गते हस्तान्तरण गरिएको हो । चार वर्षअघि २०७९ भदौ ११ गते तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवाले उद्घाटन गरेको यो सम्मेलन केन्द्र एक अर्ब ११ करोड मा निर्माण सम्पन्न भएको हो ।

सम्मेलन केन्द्रका १३ मध्ये एउटा ठुलो हल फाट्टफुट्ट प्रयोगमा आएपनि अन्य विभिन्न प्रयोजनका लागि बनाईएका १२ वटा सभा हल अझै प्रयोगमा आउन सकेका छैनन् । यो आधुनिक सुविधा सम्पन्न सभाहलमा २ हजार ७ सय मानिस अटाउँछन् । समयमा कार्यविधि नबन्दा यो सभाहल भाडामा लगाउन नसकिएको हो । जसका कारण मासिक लाखौ लाख रूपैयाँ घाटा भईरहेको छ । रूपन्देही उद्योग संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीले यो क्षेत्र सहज पहुचका रूपमा हुन आवश्यक रहेको बताउँदै कफिसप, क्यान्टिन जस्ता संरचना निर्माण गरि विवाह तथा सभा गोष्टिहरू सम्पन्न गर्दा बाहिरी बजार मुल्य सरह सुबिधा हुनसके सञ्चालनले गति लिन सक्ने बताउँछन् ।

रूपन्देही च्याम्बर अफ कमर्श लुम्बिनी प्रदेश अध्यक्ष यो अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र महत्वपूर्ण संरचना भएकाले सबै मिलेर राम्रो मोडालिटि बनाएर संचालनमा ल्याउन आवश्यक रहेको बताए ।

उता बुटवलका युवा व्यवसायी प्रकाश भुषाल यो अन्तर्राष्ट्रिय स्तरको सभाहल बुटवलका अन्य व्यवसायलाई पनि चलायमान हुने गरि सञ्चालनको मोडल बनाएर संचालन गर्न आवश्यक रहेको सुझाव दिन्छन् । उनले भने यहाँ अन्तर्राष्ट्रिय स्तरका कार्यक्रम संचालनमा जोड दिन आवश्यक छ ।

अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र कसरी र कुन मोडलमा सञ्चालन गर्ने भन्ने विषयमा कार्यविधि बन्न ढिला हुँदा नै व्यवस्थित रूपमा सञ्चालनमा आउन सकेको थिएन । सम्मेलन केन्द्रको सरसफाइ, बिजुली पानी, हेरालु र कर्मचारीको खर्चबापत मात्र मासिक करिब १५ लाख रुपियाँ खर्च हुने बताईन्छ । सम्मेलन केन्द्रको कार्यविधि स्वीकृतिका लागि २०७९ जेठमै सहरी विकास तथा भवन निर्माण विभागमार्फत संघीय सहरी विकास मन्त्रालयलाई बुझाइएको थियो तर कार्यविधि स्वीकृत हुन ढिला हुँदा यो सम्मेलन केन्द्र बेवारिसे जस्तै बनेको हो ।

सुबिधा सम्पन्न सम्मेलन केन्द्रमा चार सय गाडी र चार सय मोटरसाइकल पार्किङको व्यवस्था छ । सम्मेलन केन्द्र करिब नौ बिघा क्षेत्रफलमा बनेको छ ।

यो अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र संचालनकै लागि भनेर पुर्वाधार बिकास मन्त्रालय, सहरी बिकास तथा भवन निर्माण बिभाग, बुटवल सभाहल तथा प्रदर्शनी केन्द्र निर्माण कार्यान्वयन इकाइ बुटवल रूपन्देहीले यही कार्तिक १२ गते बिशिस्ट संरचना संचालन तथा व्यवस्थापन बिकास समिति, काठमाडौंलाई हस्तान्तरण गरेको हुनाले स्थानिय बुटवलबासीले यो संरचना संचालनमा आएर बुटवल बजार चलायमान होला भन्ने आशामा छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ